"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ८ अंक २६ , जेष्ठ-असार, २०७८ www.ncbl.coop May 15-June 15

# एक अर्ब भन्दा बढी नाफा सहित राष्ट्रिय सहकारी बैंकको वासलातमा ४१ प्रतिशतको वृद्धि

असार-३१, ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आर्थिक वर्ष २०७७/०७८ मा ४१ प्रतिशतले वासलात वृद्धि गरेको छ । बैकद्वारा शुक्रवार सार्वजनिक भएको गत आ.ब.को अन्तिम वित्तीय विवरणमा ७१ अर्ब ६८ करोड वासलात रहेको उल्लेख छ ।




गत असार मसान्तसम्म बैंकको शेयर पूँजी २ अर्ब ८७ करोड रहेको छ । जगेडा तथा कोषहरुमा ४६ प्रतिशतको वृद्धिदर सहित १ अर्ब ५२ करोड सञ्चित रहेको छ । कोभिड १९ को असहज परिस्थितिमा समेत बैंकको निक्षेपमा ४२ प्रतिशतको वृद्धिदर सहित ६६ अर्ब ३४ करोड, कर्जामा ३२ प्रतिशत वृद्धिदर सहित ३५ अर्ब ९१ करोड पुगेको छ ।

बैंकले कर पश्चातको खुद नाफामा ४८ प्रतिशतको वृद्धिदर हासिल गर्दै १ अर्ब ६६ लाख कमाएको छ । यस संगै बैंक एक अर्ब भन्दा माथी नाफा आर्जन गर्ने वित्तिय संस्थाहरुको क्लबमा समेत समावेश भएको छ । बैंकले यस आ.व. मा मात्र १ अर्ब ७४ करोड रुपैया खुद ब्याज आम्दानी गरेको छ र यो गत आर्थिक वर्षको भन्दा ५८ प्रतिशतले बढी रहेको छ । *(बाँकी पृष्ठ २७ मा)*

# सहकारी बैंकको २ अर्ब सहित सहकारी क्षेत्रको तरलता व्यवस्थापनका लागि ३ अर्बको कोष स्थापना

जेठ-१०, काठमाडौं

राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)ले कोभिड-१९ का कारण सहकारी संघ संस्थाहरुमा हुन सक्ने तरलता अभाव सम्बोधन गर्न ३ अर्बको तरलता व्यवस्थापन कोष स्थापना गर्ने भएका छन् । कोषमा सहकारी बैंकको २ अर्ब र नेफ्स्कुनको १ अर्ब रहने भएको छ । गत वर्ष २ अर्बको तरलता कोषको ब्यबस्था गरेकोमा अहिले बैंक ले दोब्बर रकम उपलब्ध गराउने भएपछि कोषको आकारमा समेत वृद्धि भएको हो ।

कोषबाट बैंक र नेफ्स्कुनका सदस्य संस्थाहरुले आफ्ना सदस्यहरुलाई आपतकालिन अवस्थामा दैनिक उपभोग्य वस्तु खरिद गर्न, जीवीकोपार्जन गर्न, स्वास्थ्य उपचार सम्बन्धी कार्य गर्न, स्वास्थ्य उपकरण खरिद गर्न तथा महामारी प्रभावसंग सम्बन्धित सम्बन्धित कार्यको लागि तरलता पूँजी अभाव भएमा त्यस्ता संस्थाहरुलाई परिचालन गरिने भएको छ । *(बाँकी पृष्ठ २७ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरू**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बलराम के.सी

**ठेगाना**

राष्ट्रिय सहकारी बैक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फ्याक्स: +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

## सम्पादकीय

# आर्थिक क्षेत्रमा कोरोना भाईरसको प्रभाव

कोरोना भाइरस अर्थात (कोभिड-१९) को विश्वव्यापी माहामारीका कारणले गर्दा विश्वका धेरै देशहरुमा परेको प्रभावसंगै नेपालमा पनि यसको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव परिरहेको छ । नेपालमा कोभिड-१९ को पहिलो लहरसंगै पछि दोस्रो लहर व्यापक रुपमा फैलिए पछि यसको रोकथामको लागी बैशाख १६ पछि गरीएको बन्दा-बन्दीले विस्तारै अर्थ व्यवस्थामा पारेको प्रभावहरु देखिन थालिसकेका छन् ।

यो स्वास्थ्य संकटले हाम्रो उत्पादन, बैदेशिक व्यापार, पर्यटन, रोजगारी र विप्रेषण आयमा असर पर्न सुरु भैसकेको छ र यि क्षेत्रमा ठुलो धक्का लाग्ने सहजै अनुमान गर्न सकिन्छ । देशको प्रमुख भंसार नाकाहरुबाट दैनिक संकलन हुने राजस्वको आधारमा हामीले लकडाउनको यो अबधिमानै धेरै भन्दा धेरै राजस्व गुमाइसकेका छौ । नेपालको अर्थ व्यवस्थामा करीब ८ प्रतिशत योगदान दिने पर्यटन उद्योग पनि नराम्रो संग प्रभावित भएको छ ।

अहिले विश्व नै कोभिडसंग लडिरहेको छ, त्यसकारण पनि हाम्रो वैदेशिक लगानी, आयात-निर्यात, बैदेशिक रोजगार, विप्रेषण आय तथा पर्यटन आगमनमा दिर्घकालिन रुपमा नै नकारात्मक प्रभाव पर्ने देखिन्छ । औपचारिक तथा अनौपचारिक क्षेत्र गरी बन्दा-बन्दीको अवधि मै हजारौको सख्यामा आन्तरीक रोजगारी गुमिसकेको छन् ।

बैदेशिक रोजगारीले बेरोजगारी समस्या र अर्थतन्त्रको मुल आधार रेमिटेन्स समेत प्रभावित भैसकेको अवस्था एकातिर छ भने यसको प्रभावबाट रोजगार गुमाएर फर्किनु पर्ने र फर्किसकेका आप्रवासीलाइ उचित व्यवस्थापन गर्दै रोजगजारी समेत सृजना गर्नु चुनौतीको रुपमा देखा पर्ने देखिन्छ । विदेशबाट भित्रिएको रेमिट्यान्सको कारण आम नेपाली उपभोक्ताबादी बन्दै गएको कारण एका तर्फ बस्तु सेवाको उपभोग बढाएको थियो भने अर्को तर्फ त्यसले हाम्रो राजस्व पनि वृद्धि गर्न सहयोग गरेको थियो । त्यसैले अब रेमिट्यान्स घट्दा उपभोग घटेर त्यसको असर राजस्वमा पनी पर्नेछ । थोक तथा खुद्रा व्यवसायले कृषि पंछी कुल ग्राहस्थ्य उत्पादनमा योगदान दिइरहेकोमा यो क्षेत्रमा समेत प्रभाव रहेको छ । खाद्यान्न बाहेकका थोक तथा खुद्रा व्यवसायमा आश्रित कामदारहरुको रोजगार पनी संकटमा परेको छ । नेपालको तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले मुलुकको आर्थिक विकासको प्रमुख आधार रहेको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक कृयाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुर्याउँदै आएको छ । कोभिडको प्रत्यक्ष र सबैभन्दा बढी प्रभाव पर्यटनमा नै परेको आंकलन रहेको अनुमान पर्यटन व्यवसायीहरुको रहेको छ ।

# सबै प्रकारका सहकारीलाई सम्पूर्ण अनलाइन सेवा राष्ट्रिय सहकारी बैंकमार्फत दिन सकिन्छ : प्रमुख कार्यकारी अधिकृत गुरागाई



काठमाडौ । राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्री गुरागाईले सहकारी संघ संस्थालाई सम्पूर्ण अनलाइन सेवा राष्ट्रिय सहकारी बैंक मार्फत दिन सकिने बताउनु भएको छ ।


नेपाल सहकारी पत्रकार समाज (सिजेएन)ले जेष्ठ १४ गते भर्चुअल माध्यमबाट आयोजना गरेको प्रविधिमा सहकारी विषयक कार्यक्रममा बोल्दै उहाँले भुक्तानी फच्र्छौट ऐन संशोधन गरी सहकारी संघ संस्थाहरुलाई समेत PSO/PSP सेवा प्रदान गर्न दिनु पर्ने र सहकारी संस्थाले विद्युतिय सेवाहरु प्रभावकारी रुपमा दिन नसके सदस्यहरुले अन्य वित्तीय निकायमा पैसा राख्नु परेको विषयमा सहकारी अभियान सजक हुनुपर्ने बताउनु भयो । सहकारी विभागबाटै भिन्नै यूनिट बनायर सेवा दिन सकिने कानुनी बाटो तयार गरी बैंक तथा वित्तीय संस्था झै डिजिटल बैंकिङ सेवा दिने वातावरण गर्ने तर्फ लाग्नु पर्ने बताए । उहाँले फण्ड ट्रान्सफर मात्र Digitalization नभएको भन्दै सहकारीको आन्तरिक कार्य सम्पादन प्रविधि मैत्रि हुनु पर्ने, वेबमा आधारित सेवा दिनु पर्ने, सदस्यले चाहेको बेला सेवा सुरक्षित तवरले उपभोग गर्ने वातावरण हुनुनै वास्तबिक Digitalization हुने बताउनु भयो ।

सहकारीमा प्रयोग हुने विभिन्न सफ्ट्वयरको समेत एकरुपता कायम गर्न र नियामक निकायमा API रहने वातावरणको सुनिस्चिता गर्नु अपरिहार्य रहेको बताए । साथै उहाँले राष्ट्रिय सहकारी बैंकले सबै प्रकृतिका सहकारीमा विद्युतिय माध्यमबाट फंण्ड ट्रान्सफर सेवा उपलब्ध गराउने कार्य अन्तिम चरणमा रहेकोले आन्तरिक परिक्षण, हिसाब मिलान, लेखांकन लगायत आफै हुने गरि परिक्षण भैरहेको पनि जानकारी दिनु भयो ।

# कोरोनाबाट बच्न र इम्युन पावर बढाउन सहकारीकर्मीलाई डा.विकाशानन्दका १० टिप्स

जेष्ठ-१२, ललितपुर

नेपाल मनोक्रान्ति योगका अगुवा डा.योगी विकाशानन्दले कोरोना रोगबाट बच्नका लागि शारीरिक शक्ति बढाउने उपायहरु अबलम्बन गर्न सुझाव दिनु भएको छ ।



राष्ट्रिय सहकारी बैंक लिमिटेडले जेष्ठ १२ गते आयोजना गरेको कोरोना संक्रमितहरु समेतसंग डा.योगी विकाशानन्द, संक्रमण : सुरक्षा र सामानार्थ आत्मबल विषयक कार्यक्रममा सहजीकरण गर्दै उहाँले यस्तो बताउनु भएको हो ।

कोरोना काल संकट मात्रै होइन, यसलाई जागरण कालका रुपमा उपयोग गर्न सुझाव दिदै उहाँले सबै भन्दा पहिला आफुलाई जागरण गर्न अनुरोध गर्नु भयो । पद, पैसा र प्रतिष्ठा भन्दा ठुलो व्यक्तिको स्वास्थ्य भएकाले स्वास्थ्यलाई सहज बनाउनका लागि खानपान, आराम, योग, प्राणायम लगायत १० वटा सुत्रहरु उहाँले उल्लेख गर्नु भएको छ ।

कोरोना मात्रै होइन हरेक रोगसंग लड्न सक्ने शक्ति आर्जन गर्नका लागि सबै भन्दा पहिला आफुलाई जोगाउनु पर्नेमा उहाँको जोड थियो । एक हजार भन्दा बढी सहकारीकर्मीहरुको सहभागिता रहेको कार्यक्रममा बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारी संघ संस्थाले नियमित सञ्चालन गर्ने कामसंगै कोरोना संकटको समयमा सदस्यहरुलाई थप सचेतना जगाउनु पर्ने खालका क्रियाकलाप गर्नु पर्नेमा जोड दिनु भएको थियो ।

बैंकका प्रमुख कार्यकारी प्रमुख बद्री कुमार गुरागाईले सञ्चालन गरेको कार्यक्रममा डा.योगी विकाशानन्दले कोरोना संक्रमणबाट जोगिनका लागि प्राकृतिक १० उपायहरु देहाय अनुसार रहेका छन् ।

कोरोनाको भ्याक्सिन लगाउन सुझाव दिदै उहाँले प्राकृतिक १० भ्याक्सिन भन्दै दिएका उपायहरु देहाय अनुसार रहेका छन ।

### १. सुत्ने र उठ्ने समय

रोगलाग्नुको महत्वपूर्ण कारणहरु मध्ये सुताई एउटा हो । त्यसकारण प्रर्याप्त मात्रामा सुत्ने गर्नाले रोगबाट बच्न सकिन्छ । अझै कारोनाकालमा त सुताई पहिलो डोज नै हो । बेलुका ९ देखि १० बजेभित्र सुतिसक्ने र बिहान ५ देखि ६ बजेसम्म उठ्ने गर्नाले निद्रा पुग्छ । ठिक ढंगले उठ्न कालागि ठिक ढंगले सुत्न जरुरी छ । मोवाइल लगायतले निद्रालाई असर गर्ने भएकाले सुत्नु भन्दा २ घण्टा अगाडि विद्युतीय सामग्रीहरु थन्क्याउनु पर्छ । निद्रा गुमाएर पैसा थुपार्ने काम गर्नु हुदैन ।

### २. चिसो पानीले नुहाउने

बिहान उठेपछि गरिने दैनिक कर्म लगायत योग साधना, व्यायाम गरेर चिसो पानीले नुहाउने गर्नाले पनि इम्युन शक्ति बढाउन मद्दत गर्दछ ।

### ३. बिहानको घाममा बस्ने

घाम बडो कामको चिज हो । जसको रगतमा भिटामिन डि को कमी छ, तिनीहरुलाई बढी प्रभावित बनाएको छ । भिटामिन डि घाम सहित दुध, दही, अण्डा, च्याउबाट पनि आउछ तर त्यसले पुग्दैन, घाममा बस्नु पर्छ । आज भोली सबै कुरा कोठा भित्रबाट हुने गर्छन् त्यसैले रोगले छिटो आक्रमण गर्दछ । चिसो पानीले नुहाए पछि १५ मिनेट अगाडिबाट र १५ मिनेट पछाडिबाट घाम पर्ने गरी बस्नु पर्छ । मानिससंग काम धेरै छ, घाम कत्ति पनि छैन, जसका कारण रोगले आक्रमण गर्दछ ।

### ४. व्यायाम

रोगसंग डराउने होइन, म. कमजोर छु भनेर डराउने हो । त्यसैले आफ्नो इम्युन शक्ति बढाउन दैनिक रुपमा व्यायाम जरुरी छ । युवाहरु जीम जादा हुन्छ । ३० वर्ष भन्दा माथिकाले योग गर्नु ठिक हुन्छ ।

### ५. भोजन

रोगबाट बच्नका लागि सबैभन्दा महत्वपूर्ण कुरा भोजन हो । तपाई कस्तो भोजन गर्नु हुन्छ, त्यस आधारमा तपाईसंग रोगसंग लड्न सक्ने शक्ति प्राप्त हुन्छ । कोराना कालमा महत्वपूर्ण भिटामिन सि हो । स्वास्थ्यकर्मीहरुले भिटामिन सि पाइने चिज खान सुझाव दिन्छन् । बिहान २ गिलास मनतातो पानीमा कागती निचोरेर विस्तारै पिउने गर्नाले शक्ति बढ्छ । फलफूल र सबै तरकारीमा भिटामिन सी पाइन्छ । काचो खाना मिल्ने तरकारीहरुमा बढी जोड दिनुस् । काजु, पेस्ता, बदाम, ओखर रातभरी पानीमा भिजाउने र बिहान दुध वा पानीसंग खाने गर्नाले भिटामिन सि पाइन्छ । जंग फूड, चिनी खादै नखानुस । भात कम गर्नुस, भात जति बढी खायो ग्लुकोजको मात्रा त्यति बढ्छ, ग्लुकोजको मात्रा जति बढी भयो कोरोना संक्रमण त्यति बढ्छ । ग्लुकोजको मात्रा घटाउन फलफूल बढी खानुस । प्रोटिनको मात्रा बढ्ने खानेकुराहरु माछा, मासु अण्डा, फलफूल, सलाद, दाल, भट्मास, गेडागुडी, टुसाउने अन्नहरुमा जोड दिनुस् । शाकाहारीहरुले मिल्क प्रोडक्टहरु दुध, दही, घ्यू खाने गर्नुस । रक्सी चुरोड खानु हुन्छ भने तत्काल छोड्नुस, कोरोना संक्रमणलाई यसले सहज बनाउछ ।

### ६. खुशीहुनुस

आफुलाई के गर्दा खुशी भइन्छ, त्यो गर्नुस । नाच्नुस, हास्नुस, गाउनुस, क्यारेम बोर्ड, चेस, ब्याडमिण्टन खेल्नुस जसरी हुन्छ खुशी हुने प्रयत्न गर्नुस ।

**७. माया प्रेम बढाउनुस्**

जति बढी प्रेम बाड्न सक्नु हुन्छ, त्यति इम्युन शक्ति बढ्छ । प्रेम भन्दा ठुलो औषधी के होला ? परिवारका सदस्यहरुलाई दैनिक १२ पटक अंगाल्नुस । प्रेमको फिलिङ हुदा रोगको फिलिङ घट्छ ।

**८. बोट विरुवाको नजिक बस्नुस**

घरमा विभिन्न जातका विरुवाहरु लगाउनुस्, रुखहरु भएको ठाउँमा कोरोना कम हुन्छ । रुखहरुले भाइरस रोक्न सहयोग गर्छन । कोरोना सबै भन्दा बढी महानगरहरुमा देखिएको छ, जहाँ रुखपात छैन, कंक्रिड बढी छ । ४ आना जग्गा छ भने सबैमा घर बनाएका छौ, थोरै पनि जग्गा राखेका छैनौ । ३ आनामा घर बनाएर १ आनामा रुख रोपेको भए रोग कम गर्न सहयोग पुग्थ्यो ।

**९. मेडिटेशन (ध्यान) गर्ने**

दैनिक कम्तिमा २० मिनेट ध्यान गर्नुस् । ध्यान मा बस्ने हो भने माइण्ड रिल्याक्स हुन्छ यसले इम्युनटी पावर बढाउछ ।

**१०. प्राणायम (श्वासक्रिया)**

कोरोनाले सबैभन्दा बढी फोक्सो कमजोर भएकाहरुलाई आक्रमण गरेको छ । जिन्दगीभर पैसा, पद परिवार भनेर दौडेका छौ, सबै भन्दा पहिला आफुलाई जोगाउन फोक्सोलाई जोगाउन आवश्यक छ र त्यसका लागि श्वास क्रिया गर्न जरुरी छ । लामो श्वास तानेर आधा मिनेट भन्दा बढी रोक्ने गर्नाले फोक्सोलाई राम्रो राख्न सकिन्छ । आधा मिनेट पनि श्वास रोक्न नसक्ने अवस्था छ भने मेरो फोक्सो कमजोर छ भन्ने बुझेर दैनिक श्वास क्रिया गर्नु पर्दछ । जसले जति बढी श्वास रोक्न सक्यो त्यति बढी फोक्सो बलियो छ भन्ने बुझ्नु पर्छ । श्वास रोकौ, फोक्सोसंगै जिन्दगी राम्रो बनाऔ ।

अन्त्यमा कोरोनाकाललाई जागरण कालको रुपमालिएर आफुलाई जागरण गर्न तर्फ लागौ । हामीसंग २४ घण्टा छ । ८ घण्टा सुत्नुस, यसमा सम्झौता नगर्नुस् । १२ घण्टा काम गर्नुस, कमाउनुस । पैसा पाइन्छ भनेर १६, १८ घण्टा कामना गर्नुस् । २ घण्टा परिवार, आफन्त, साथीहरुसंग रमाउनुस । बाँकी २ घण्टा आफुलाई दिनुस् । योग, ध्यान श्वास क्रिया गर्नुस । बिहानको समय आफ्नो लागि दिने गर्न सक्नु पर्छ । जसले आफुलाई समय दिदैन, उसले अस्पताललाई धेरै समय दिनु पर्छ ।

## बागमती प्रदेशका सहकारीकर्मीहरुका लागि सहकारीमा कर व्यवस्था विषयक तालिम

असार-१६, ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा सहकारीमा कर व्यवस्था विषयक एक दिने तालिम सम्पन्न भएको छ । बैंकले बागमती प्रदेशमा रहेका सहकारी संघ/संस्थाका सहकारीकर्मीहरुलाई आफ्नै संस्थामा बसेर कर भुक्तानी गर्न सिकाउने उदेश्यले असार १६ गते भर्चुअल माध्यमबाट तालिम संचालन गरेको थियो ।

बैंकका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको तालिममा चार्टड एकाउन्टेन्ट (सिए) उमेशराज दाहालले सहकारीमा भएका कर व्यवस्थाका विषयमा सहजीकरण गर्नु भएको थियो । तालिम कार्यक्रमको संचालन तालिम विभागका बरिष्ठ अधिकृत मिना कुमारी शर्माले गर्नु भएको थियो । तालिममा बागमती प्रदेशमा रहेका सहकारी संघ/संस्थाका अध्यक्ष, कोषाध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायत पाँच सय भन्दा बढी सहकारीकर्मीको सहभागिता रहेको थियो । लकडाउनको समयमा पनि तालिम तथा शिक्षालाई निरन्तरता दिएको बैंकले असार मसान्त अगाडी सहकारी क्षेत्रमा भएको करका विषयमा तालिम संचालन गरेको हो ।

बैंकले असार-१६, गते प्रदेश नम्बर एक र गण्डकी प्रदेश र शुक्रबार अर्थात असार १८ गते प्रदेश नम्बर दुई, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका सहकारीकर्मीहरुको लागि तालिम आयोजना गरेकोले तालिममा सहभागि भई सहकारीमा भएका करको व्यवस्थका विषयमा जानकारी लिन बैंकका तालिम विभागका प्रमुख रामवावु आचार्यले अनुरोध गर्नु भयो ।

# सहकारीमा वार्षिक योजना तथा बजेट तर्जुमा



नारायण बेल्वासे

सहकारिताको मुल उद्धेश्य सदस्यहरुको आर्थिक तथा सामाजिक बिकास गर्नु हो । यो उद्धेश्य पुरा गर्नका लागि सहकारी संस्थाहरुले सदस्यहरुको आवश्यकता सम्वोधन गर्ने गरी व्यवसाय संचालन गनुपर्ने हुन्छ । नेपालको परिप्रेक्षमा बित्तीय कारोवार गर्ने गरी बचत तथा ऋण सहकारी र अन्य व्यवसाय समेत गर्ने गरी अन्य प्रकृतिको सहकारी संस्थाहरुको संरचना रहेको अवस्थामा सदस्यको आवश्यकता र संस्थाको प्रकृतिलाई समेत ध्यानमा राखी वार्षिक योजना तथा बजेट तर्जुमा गनुपर्ने हुन्छ । सहकारी ऐन, नियमवाली र संस्थाको विनियममा स्पष्ट रुपमा निती, कार्यक्रम बार्षिक योजना तथा बजेट निमार्ण गनुपर्ने दायित्व संचालक समितिको कामकर्तब्य अधीकार भित्र र यसलाई स्वीकृत गर्ने दायित्व साधारण सभाका काम कर्तब्य अधिकारी भित्र उलेख भएकोले यो कार्य ऐच्छिक नभै अनिवार्य कार्यको रुपमा लिई गनुपर्ने हुन्छ ।

योजना भनेको किटान गरीएको उद्धेश्य तथा कार्यहरु निश्चित समय भित्र पुरा गर्ने संकल्प हो । योजना कुनै स्थानको बिकास संग सम्वन्धित दिर्घकालीन सौंच सहित ४०,५० वर्षको लागी निर्माण गरीन्छ भन्ने त्यस्तो योजनालाई गुरु योजना(मास्टर पलान)को रुपमा लिइन्छ र बहुबर्षिय कार्यक्रमको रुपमा पुरा गरिन्छ तर सहकारी सामाजिक व्यवसायको रुपमा संचालन गनुपर्ने हुर्दा व्यवसायिक क्षेत्रमा समय समयमा बिभिन्न परिर्वतनहरु भैरहने हुदा निश्चित (३-५) वर्षको लागि मात्र पुर्वानुमान गरी बजारमा देखापर्ने बिभिन्न प्रतिस्पर्धी अवस्थामा सफलता प्राप्त गर्ने लक्ष्य सहित रणनितीक याोजना निमार्ण गर्दा उपयुक्त हुन्छ । यस्तै सहकारी संस्थाले बित्तीय कारोवार संगै कुनै उत्पादन, संकलन, वा व्यवसाय संचालन गर्दै छ Business Plan ) संचालन गनुपर्ने हुन्द्ध किन भन्नेको संस्थाले कुनै सम्वन्धित व्यवसायमा संचालन गर्ने बिधि, श्रोत, मानव संसाधन लगायत समेत एकिन गरी निर्माण व्यवसायिक योजना भनिन्छ सफल बनाउन एक वर्षको अनुमान सबै सरोकारवाला सुझाव सहित तयार गरी निश्चित गरी गराई एक वर्ष भरी योजनालाई वार्षिक योजना




बजारीकरण संग सम्वन्धित भन्ने व्यवसायिक योजना ( निर्माण गरी उक्त व्यवसाय भन्ने व्यवसायिक योजना उत्पादन वा सेवा संग केन्द्रित भै उक्त व्यवसाय कचापदार्थ, आवश्यक उक्त व्यवसायको पार मुल्य गरिएको योजनालाई । माथि उलेखित योजनाहरु लागी गरिने कार्यहरुको पक्षहरुको राय सल्लाह कार्ययोजना, बजेट समेत साधारणसभावाट पास कार्यान्वयन गरिने भनिन्छ ।

**वार्षिक योजना के हो ?**

- संस्थाको एक बर्षको मार्ग चित्र हो ।
- वर्ष भरि गरिने कामको बिबरण हो ।
- सञ्चालक समितिको प्रतिबद्धता हो ।
- सञ्चालक तथा कर्मचारीलाई दायित्व बोध गराउने माध्यम हो ।
- व्यवस्थापनको कार्यसम्पादन मापनको आधार हो ।

**वार्षिक योजना किन ?**

- वार्षिक कार्यक्रम अग्रिम रुपमा तर्जुमा गर्न ।

- कार्यगत द्बुविधा हटाउनका लागी ।
- निर्णय प्रक्रियालाई सहजता प्रदान गर्न ।
- श्रोत साधनको तय एवं पूर्व अनुमान गर्न ।
- कार्यहरुको प्राथमिकता तोक्नको लागी ।
- वाह्रय समुदायको विश्वासको लागी ।
- सबै पक्षको जानकारी गराउनको लागी ।
- रणनितिक योजना सफल बनाउनको लागि ।

बार्षिक योजना तथा बजेट तयार पार्दा निम्न प्रश्नहरुको उत्तर खोजी गरिएमा कार्यक्रम तयारी वस्तूगत हूने हून्छ ।

- ✧ एक वर्षमा संस्थाले कुन कुन व्यवसाय संचालन गर्ने ?
- ✧ भईरहेको व्यवसायमा कस्तो सुधार ल्याउने ?
- ✧ सूधारका लागि नयां के कस्ता क्रियाकलापहरु गर्ने ?
- ✧ कति लगानी गर्ने ? लगानीवाट कति प्रतिफल प्राप्त हून्छ ?
- ✧ कार्यक्रम संचालन र रेखदेखको जिम्मा कसलाई दिने ?
- ✧ वर्षभरिका लागि आर्थिक श्रोत वा अन्य श्रोत साधन कसरी जुटाउने ?

योजनाहरु दिर्घकालीन , मध्ययकालिन वा अल्पकालिन तयार गर्न सकिन्छ तर सहकारी संस्थाले रणनितिक योजना बनाउंदा संचालक समितिको पदावधिलाई समेत ध्यान दिएर नेतृत्वमा रहने व्यक्तित्वहरुको क्षमता मुल्यांकन गर्न सहज हूने हून्छ । यस मध्ये अल्पकालीन तर्फ छोटो समयको लागि (१ वर्ष) वनाइएको योजना वार्षिक कार्यक्रमको रुपमा तर्जूमा गरिन्छ । अर्थात दीर्घकालीन वा मध्यकालीन वा अल्पकालिनिक जुनसुकै योजना निर्माण गर्दा पनि संस्थाको परिकल्पना, ध्येय , संस्थाका मुल्य मान्यताहरु लाई आधार मानेर योजनाको उद्धेश्य , लक्ष्य र रणनीति तय गनुपर्ने हुन्छ । यसले गर्दा संस्थाको निर्दिष्टि गन्तब्यको सबै पक्षलाई दिशा निर्देश गर्छ भन्ने अनुशासन कायम गराउन पनि सहयोग पुऱ्याउँछ ।


**वार्षिक योजना तथा कार्यक्रम तयार गर्दा के फाईदा हुन्छ ?**

- ✧ सीमित श्रोत साधनको सही सदूपयोग हुन्छ ।
- ✧ संस्था र सदस्यलाई निश्चित कार्यक्रमको परिधिमा राख्छ ।
- ✧ लगानीको क्षेत्रलाई शूरुमा नै किटानी गर्छ ।
- ✧ संचालक समिति, व्यवस्थापन वा कर्मचारीको मनोमानीलाई नियन्त्रण गर्छ ।
- ✧ समूदायको सही आवश्यकताको पहिचान गर्छ ।
- ✧ वहूल विचारवाट फाईदाजनक कार्यक्रमको चयन गराउंछ ।
- ✧ स्थानीय सीप र जनशक्तिको परिचालन गर्छ ।

## वार्षिक योजना वनाउंदा ध्यान दिनूपर्ने कुराहरु

- ✧ सदस्यहरुको चाहना, क्षमता, योग्यता ।
- ✧ संस्थासंग भएको आर्थिक श्रोत र मानवीय श्रोतको अवस्था ।
- ✧ प्रविधिको उपलब्धता ।
- ✧ उत्पादनतथा सेवाका लागि बजारको पहुँच ।
- ✧ कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत ।
- ✧ कार्यक्रम प्रति सदस्य र समुदायको चाख र अपनत्व ।
- ✧ कार्यक्रमवाट प्राप्त हुने् उपलव्धी वा प्रतिफल ।
- ✧ संस्थाको उद्धेश्य, स्वीकृत विनियमवाट काम गर्न प्राप्त क्षेत्र ।
- ✧ सदस्य/समुदायको चेतनाको स्तर र प्राविधिक प्रयोगको ज्ञान ।

## वार्षिक कार्यक्रम तर्जूमाका खुड्किलाहरु के के हून् ?




### (क) अधिल्लो योजनाको समिक्षा र नयाँ आवश्यकताको पहिचानः

अधिल्लो वर्षहरुमा संचालकन गरीएका कार्यक्रमहरु र निर्धारण गरिएका लक्ष्यहरु प्राप्ति को अवस्था कस्तो छ र ति कार्यक्रमहरु संचालन गर्दा निधारण गरिएको उदेश्यतर्फ केन्द्रीत भैरहेका छन छैन लगाएत विषयमा रहेर समिक्षा गर्दै यो वर्षको लागी लक्ष्यहरु निमार्ण गनु उपयुक्त हुन्छ । त्यस्तौ नया कार्यक्रमहरु संचालन गर्न आवश्यक भएमा
सदस्यको आवश्यकताका निम्न कुरालाई ध्यानमा राखी कार्यक्रम वनाउनु पर्दछः

(१) सदस्य आवश्यकताको पहिचान एवं परिमाण मापन ।
(२) आवश्यकताको हुनाको कारण र समाधान परिणामको विश्लेषण ।
(३) कार्यक्रमको क्रम तथा प्राथमिकताको निर्धारण ।
(४) संस्थाबाट सन्चालन गर्न सकिने कार्यक्रम तथा कृयाकलापहरु छनौट ।
(५) कार्यक्रम संचालन गर्नका लागि भैरहेको पुर्वाधार र संगठनको मुल्यांकन ।
(६) कार्यक्रम संचालनका लागि चाहिने श्रोत तथा साधनको लेखाजोखा र संस्थामा उपलब्ध हूने पूंजीको श्रोत व्यवस्थापन ।
(७) संचालनका लागि चाहिने कर्मचारी र कार्यक्रमहरुको खाका सहितको जिम्मेवारी योजना तयारी ।
(८) सदस्यहरुसंग छलफल तथा बिचार बिमर्श गरी निर्णय निधारण ।
(९) विगत वर्षहरुमा सन्चालन गरिएका कार्यक्रमहरुको वास्तविक अवस्था आंकलन ।

### (ख) बातावरण बिश्लेषण

संस्थाको आन्तरीक बातावरण मा रहेका सवल पक्षहरु र सुधार गनुपर्ने पक्षहरु सगै बाह्व वातावरण मा प्राप्त अवसर र चुनौतिहरुको बिश्लेषण गरेर योजना निर्माण गनुपर्ने हुन्छ ।

## संस्थाका सवल पक्षहरु पहिचान

- संस्थाको आन्तरिक क्षमता र बलिया पक्षहरु के के हून?
- संस्थाको आन्तरिक सुधार गनुपर्ने पक्षहरु के के हून?
- संस्थाको बित्तिय अवस्था कस्तो छ ?
- संस्थाको कार्यप्रक्रिया तथा कार्यसम्पादन दक्षता (शिक्षा, तालिम, अनूभव) कस्तो छ ?
- भौतिक पुर्वाधार तथा श्रोत र साधन के कस्तो र कति छ ?
- स्थानीय श्रोतसाधनको उपलव्धता र त्यसको प्रशोधन प्रविधि के कस्तो छ ?
- संस्थाको लागि के कस्ता अवसरहरु बिद्यमान रहेका छन् ? संस्थाको मूख्य चूनौति के के हो ?

माथिका सुचनाहरुलाई तलको तालिकामा प्रस्तूत गरी देखाउंने प्रयास गरिएको छ :

| बिवरण | बिकास गराउंने तत्व | बिकासमा बाधा पार्ने तत्व |
|---|---|---|
| आन्तरिक तत्व | **(क) सबल पक्ष (Strength)**<br>✧ सदस्यहरुको संख्या उच्च रहेको ।<br>✧ बित्तिय रुपमा बिलयो संस्था रहेको ।<br>✧ संस्थाका उत्पादन तथा सेवाहरु आकर्षक रहेको<br>✧ संस्थाले प्रबिधिको उच्च प्रयोग गरेको ।<br>✧ पर्याप्त मात्रामा तरलता रहेको ।<br>✧ सामाजिक रुपमा स्थापित रहेको ।<br>✧ संस्थाको आफ्नो भवन अन्य पुर्वाधारहरु राम्रो रहेको ।<br>✧ नियमित रक्तदान कार्यक्रम संचालन गरिरहेको ।<br>✧ समुदायका राम्रो ख्याति प्राप्त गरेको ।<br>✧ संचालक समितिको बैठक नियमित रहेको ।<br>✧ लेखा समिति सक्षम र सकृय रहेको ।<br>✧ उपसमितिहरु सकृय रहेको ।<br>✧ क्षमतावान कर्मचारीहरु रहेको ।<br>✧ सदस्यहरुको अपनत्व रहेको | **दुर्बल पक्ष (Weaknesses)**<br>✧ ऋण लगानी कम भएकोले आयमा असर ।<br>✧ ऋण लगानीको ब्याजदर बढी रहेको ।<br>✧ सहकारी चेतना तथा व्यवसाय संचालन सीप कमी ।<br>✧ ऋण लगानीको दायरा सांघुरो ।<br>✧ बैठक/क्रियाकलापमा समय व्यवस्थापन कमजोरी ।<br>✧ संयुक्त बैठक बसाउंने नगरिएको ।<br>✧ विनियममा समयसापेक्ष संशोधन नभएको ।<br>✧ संस्थाका कर्मचारीहरुलाई तालिम नदिइएको ।<br>✧ सदस्यहरु एकभन्दा बढी सहकारीमा आवद्ध ।<br>✧ संस्थाको अवलोकन भ्रमण उद्देश्यमूलक नभएको ।<br>✧ सदस्यले ऋण सदुपयोग नगरेको । |
| बाहिरी तत्व | **अवसर पक्ष(Opportunities)**<br>✧ बजारमा ब्यादर स्थिर रहेको अवस्था<br>✧ कार्यक्षेत्रभित्र सदस्य बृद्धि गर्न सकिने ।<br>✧ ऐन कानुनहरु बनि सकेको ।<br>✧ रोजगार का अवसरहरु पर्याप्त<br>✧ राजनितिक अवस्था स्थिर रहेको ।<br>✧ सहकारी एकीकरण संभावना रहेको ।<br>✧ सहकारी नीति र कानून उदार रहेको ।<br>✧ सिप तालिम सजिलै प्राप्त गर्न सकिने । | **चुनौती तथा जोखिमहरु (Threats)**<br>✧ कार्यक्षेत्रमा दण्ड हिनता बदिनियत मौलाएको<br>✧ बजारमा ब्याजदरमा अस्वथ प्रतिस्पर्धा रहेको<br>✧ राजनितिक अवस्था अस्थिर रहेको<br>✧ ऐन कानुनहरु परिर्वतन भैरहने<br>✧ परम्परागत सोच संस्कार रहेको<br>✧ बेरोजगारी र दयनिय आर्थिक अवस्था<br>✧ क्रमिक रुपमा प्रबिधि परिवर्तन भैरहेको<br>✧ महामारी बिपद रहेको अवस्था<br>✧ दैबिक प्रकोप भैरहने |

## (ग) परिकल्पना, ध्येय र मूल्यहरु

✓ योजना तयार गर्दा संस्थाको दिर्घकालिन सपना तथा संस्था संचालनको औचित्य र संस्था संचालन गरिरहदा हामीले पालना गर्ने आचरण वा बिश्वास लाई टेकेर योजना तथा कार्यक्रमहरु निर्माण गरियो भन्ने मात्र हामी

सहि दिशामा लाग्न सक्दछौ.। तसर्थ दिर्घकालमा संस्था कस्तो बनाउने भन्ने लिखित तस्विर तयार गर्नुलाई परिकल्पना भनिन्छ । संस्था संचालन गरिरहदा हाम्रो संस्था कहाँ पुग्ने , समाजले संस्थालाई बुझ्ने नजर कस्तो हुने भन्ने प्रश्नहरुको उत्तर आउने गरी परिकल्पना तयार गर्नु प्रर्ने हुन्छ । उदाहरणको रुपमा बित्तीय समाधानको लागी सबैको रोजाई, दीगो एंव सर्वोत्कृष्ट सहकारी संस्था आदी हुन सक्दछन ।

- ✓ परिकल्पना किन प्राप्त गर्ने भन्ने पस्नको उत्तर ध्येय हो । ध्येयलाइ परिकल्पना पूरा गर्ने माध्यम को रुपमा लिनु पर्दछ । ध्येय वाट निम्न प्रश्नहरुको उत्तर आउनुपर्दछ । जस्तोकी हामीले संचालन गरेको संस्था समाजलाई किन चाहियो ? संस्थाले सदस्य र समाजलाई के योगदान दिन चाहान्छ ? अन्य सहकारी संस्था भन्दा के कुरामा फरक हुने जस्ता प्रश्नहरुको उत्तर दिने गरी ध्येय निर्माण गनुपर्ने हुन्छ । उदाहरणको रुपमा ‘‘सदस्यहरुको समृद्ध जिवन निर्माणका लागि सहकारी सिद्धान्त अनुरुप गुणस्तरीय वित्तिय एवं गैरवित्तिय सेवाहरु प्रवाह गर्ने, सदस्यहरुलाई आयआजर्न गर्ने बनाउदै गुणस्तरीय सिप प्रबिधि र बित्तिय सेवा प्रदान गदै समुदायको नेत्वत्व गर्न सक्ने सक्षम , सुखी र समृद्ध सदस्यहरु बनाउने’’ आदी
- ✓ संस्था संचालनका बिश्वास तथा आधारहरु हरुलाई मूल्यमान्यता भन्निछ । मुल्यमान्यता भन्नेको संस्थाको संस्कार वा निर्दिष्ट आचरण हो जस्ले अनुशासन कायम गराउन मद्धत गर्दछ उदारणको रुपमा समयपालन ,सहभागिता, स्वमुल्याकन, उत्प्रेणा, समर्पित, इमान्दारीता, सृजनशिलता, सामुहिकता आदी

### (घ) उद्धेश्य निर्धारण :

उद्धेश्य भनेको निधारण गरीएको कार्यक्रम वा लक्ष्य प्राप्ति पछि प्राप्तहुने नतिजा हो तसर्थ विना उद्धेश्यको कार्यक्रमले प्रतिफलको सट्टा अर्को समस्या जन्माउंछ । उद्धेश्यको निर्धारण गर्दा यी कूरामा विचार पूर्‍याउनूपछ ।

- ✧ आवश्यकतासंग घनिष्ठता कायम हूनू पर्ने ।
- ✧ कार्यक्रमबाट प्राप्त हूने उपलव्धी, प्रतिफल र प्रभावलाई वस्तूगत आधारमा मापन गर्नू पर्ने ।
- ✧ उद्धेश्यहरु सरल, मापनयोग्य, प्राप्त गर्न सकिने, उच्च प्रतिफल दिने र समय भित्र पुरा हूने हूनू पर्ने
- ✧ उद्धेश्यलाई तत्कालिन र दिर्घकालिन गरी दूई भागमा बिभाजन गर्ने ।

### (१) कार्यक्रम /लक्ष्य भित्र समावेश गरिने क्रियाकलापहरुः

उद्धेश्यलाई साकार पार्न निश्चित समयावधिमा हासिल गर्न निर्धारण गरिएका परिमाणहरुलाई कार्यक्रम वा लक्ष्य भनिन्छ । सामन्यतया बित्तिय कारोवार लाई लक्ष्य भन्दा र अन्य प्रकृतिको कार्यलाई र्कायक्रम भन्दा ब्यवहारीक हुन्छ ।

कार्यक्रम/लक्ष्य तयारी गर्दा निम्न पक्षहरुमा ध्यान दिनू उपयोगी हून्छ :

- ✧ सहकारी संस्थाहरुले संचालन गर्ने क्रियाकलापहरुको समग्र सार प्रस्तूत हूनूपर्छ ।
- ✧ सम्पादन गरिने क्रियाकलापहरु कार्यमुखी, मापन गर्न वा गणनना गर्न मिल्ने हूनूपर्दछ ।
- ✧ क्रियाकलाप संचालन गर्न चाहिने स्रोतको अनूमान र स्रोत जूटाउने उपायहरु ।
- ✧ संलग्न हूने जनशक्तिको मौजूदा व्यवस्था उल्लेख हूनूपछ ।
- ✧ क्रियाकलापको कार्यसम्पादनको सुचकको व्यवस्था हूनूपर्छ ।
- ✧ मुल्याकन सुचक तथा तरिका समेत समावेश गरिएको हूनूपर्दछ ।
- ✧ लक्ष्यहरु निधारण गर्दा संस्थाको बित्तिय स्वस्थता कायम हुने गरी निधारण गर्नपदर्छ ।
- ✧ कार्यक्रम वा लक्ष्य तय गर्दा संस्थाको बृद्धि सँगै, सदस्य सन्तुष्टि र प्रतिफलाई ध्यान दिनुपर्दछ ।

यस्तो लक्ष्यहरु तयारी गर्दा विगत वर्षहरुमा संचालन गरिएका कार्यहरु त्यसवाट प्राप्त सफलता र असफलताहरु समेत विचार गर्नूपर्दछ । त्यसैगरी समय परिवर्तन संगै सदस्य मागमा हूने परिवर्तन एवं वजारमा आएका उतारचडावहरु समेत विचार गरी पूरानो कार्यक्रममा संशोधन, थपघट र नयां कार्यक्रम थप्ने कार्य समेत गरिनूपर्दछ । योजना कार्यान्वयन गर्न विभिन्न प्रकारका क्रियाकलाप सम्पन्न गर्नूपर्ने हून्छ । यस्ता क्रियाकलापहरुको भौतिक लक्ष्य, लागत र समय निर्धारण गरी वनाइएको विस्तृत विवरणलाई वार्षिक कार्यक्रम भनिन्छ । कार्यक्रम भनेको इच्छा र चाहनासंग मात्र सरोकार राख्ने कार्य होइन । यो यथासंभव वास्तविकतामा आधारित हूनैपर्दछ ।

उदाहरणका रुपमा मासिक रु.१०० वचत उठाउने संस्थाको सदस्य १०० जना छन् भने मासिक १०,००० बचत रकम जम्मा हून्छ जून संस्थाको लगानीको लागि उपलव्ध पुंजीगत श्रोत हो । वार्षिक रुपमा रु.१,२०,००० वचत हूने हूंदा सो भन्दा वढी लगानी गर्ने कार्यक्रम राख्ने हो भने अन्य श्रोतहरु विश्वासिलो र भरपर्दो हूनूपर्छ । यस्ता स्रोतहरुमा विगत लगानी रकमको असूली, शेयरपुंजी थप, अन्य दातृ निकायवाट प्राप्त हूने अनूदान, ऋृण, पुंजीकोष समेत समावेश हूनसक्दछन् । कार्यक्रम(लक्ष्य) तर्जूमा गर्दा सहकारी संस्थाहरुको प्रकृति अनूसार फरक हूनसक्छन् । त्यसैगरी कार्यक्रममा स्थानीय आवश्यकताका विशेष क्रियाकलाप थप हूनसक्छन् ।

## (ङ) कार्यक्रम/लक्ष्य तयार पार्दा ध्यान दिनू पर्ने कूराहरुः

वार्षिक कार्यक्रम/लक्ष्य तयार पार्दा प्रयोग गर्नू पर्ने सुत्रहरु तथा मासिक वा त्रैमासिक विभाजनसंग अन्य कृयाकलापको सम्वन्ध गणना विधिका विषयमा जानकारी नभै कार्यक्रम तयार पार्दा त्यसको यथार्थ आंकलन हूंदैत । संस्थाको बिगतको तथ्यांक तथा सुचना वा अन्य संस्थाको अनूभव र सदस्यहरुको मागलाई ध्यान नदिई अनूमानका आधारमा तयार पारिने योजनाले अपेक्षित लाभ दिन सक्दैन ।

कार्यक्रम तयार पार्दा सदस्य थप, शेयरपुंजी बृद्धि, वचत संकलन र फिर्ता, ऋण लगानी तथा असूली, खरिद एवं विक्री कारोवार, सामाजिक क्रियाकलाप, आम्दानी रकम, खर्च रकम, खूद वचत, खूद वचत वितरण समावेश गरी त्यसको वार्षिक लक्ष्य तथा मासिक लक्ष्य वनाई त्यसैको आधारमा समयवद्ध कार्यक्रम तयार पार्नू पर्दछ ।

## (च) विकल्पहरु छनौट :

कूनै पनि कार्यक्रम वनाउंदा उक्त कार्यक्रम पुरा गर्ने थूप्रै विकल्पहरु हून्छन् । यी कूरामा केन्द्रित रही सहज र समय सापेक्ष विकल्पको छनौट गर्दा कार्यक्रम प्रभावकारी रुपमा कायान्वय गर्न सकिन्छ । बिकलपहरु निधारर्ण गर्दा निम्न कुराहरुलाई मध्येनजर गरेर गनुपर्ने हुन्छ ।

(१) सदस्य तथा समूदायको क्षमता, आवश्यकता र प्रथमिकता ।

(२) सदस्यहरुले प्राप्त गर्ने आर्थिक फाईदा ।

(३) भरसक स्थानीय प्रविधिमा आधारित र सो नभएमा प्राविधिक रुपमा संस्थाको क्षमताअनुसार

(४) समाजमा वढी स्वरोजगारी तथा रोजगारीको अवसर सिर्जना गर्ने खालको ।

(५) वजारको समस्या तूलनात्मक रुपमा कम भएको वा प्रतिष्पर्धा गर्न सकिने भएको ।

## (छ) बजेट तर्जूमा कार्यः

बजेट तर्जूमा गर्दा संचालन गरिने कार्यक्रम तथा कृयाकलापको भौतिक परिमाण, रकमको लागत र कार्यक्रम संचालन गरिने समयावधि समेतलाई गणना गर्नू पर्ने हून्छ । यसको लागि संस्थामा उपलव्ध  बिगत बर्षहरुको उपलव्धि, प्रतिवेदन, माग, आपुर्ति, लागत विवरण, उत्पादन, रोजगारी, वजार स्थिति आदि तथ्यांक संकलन र उपयोग गर्नू पर्ने हून्छ ।

बजेट तर्जूमा चरण अत्यन्त सम्वेदनशील हून्छ । बजेट तयार पार्दा कूनै ठुलो क्रियाकलाप छुटन गएमा कार्यक्रम संचालनमा नै असर पर्ने र लक्षित गरिएको उद्देश्य एवम् त्यसबाट हासिल हूने प्रतिफल र प्रभावलाई समेत नकारात्मक असर पार्ने हून्छ ।

१. **उक्त कृयाकलाप संचालन परिचालन गरिने श्रोत (पूँजिका स्रोतहरु) :** लगानीका श्रोतहरुमा शेयरपुंजी, बचत, बाह्य ऋण , जगेडा कोष, वितरण नगरिएका अन्य कोषहरु आदि समावेश गरि पुर्वानुमान गर्ने ।

२. **संस्थालाई प्राप्त हूने आम्दानी :** संस्थालाई प्राप्त हूने आम्दानीहरुमा प्रवेश शूल्क, ऋणवाट ब्याज आम्दानी, वस्तू र सेवा विक्री आम्दानी, अन्य आम्दानीहरु तथा अनूदान पर्दछन् । यी अनुमान गर्दा औषतम लगानीमा रहेको ऋण, भारित ब्याजदर, अन्य लगानीको प्रतिफल दर आदीको आधारमा गनुपर्दछ ।

३. **श्रोतको परिचालन** (सम्पती बृद्धि) : संस्थामा रहेको कुलपुजि तथा दायित्वको आधरमा संस्थाको बित्तीय अवस्था स्वस्थ हुनेगरी श्रोतको परिचालन , गुणस्तरीयता , संस्थाको प्रकृतिअनुसार प्रतिफल लाई ध्यानमा राखेर लगानीका दायराहरु निधारण गनुपर्ने हुन्छ ।

४. **खर्चहरु :** संस्थाको खर्च रकममा बस्तू तथा सेवाको लागत साथै जोखीम ब्यवस्थापन खर्च, वचत तथा बाह्य ऋणमा दिने ब्याज खर्च, कर्मचारी खर्च, संचालन खर्च (घरभाडा, मर्मत, मसलन्द, भैपरी, ह्रास, वैठक भत्ता, हर्जाना आदि) संस्थाको ब्यवसाय बिस्तार र प्रतिफलको आधारमा गतवर्षलाई मध्यनजर राखि निधारण गनुपर्ने हुन्छ ।

५. **खूद वचत (मूनाफा) :** खुद वचत हिसाव निकाल्नको लागि कुल आम्दानीवाट कुल खर्च घटाएर आएको फरक रकम समावेश गरिन्छ ।

६. **पारबिन्दु गणनाः** संस्थाले संचालन गर्ने कार्यक्रमहरुबाट कति मूनाफा वा खूद बचत हूने हो भन्ने कूरा संस्थाको आम्दानी तथा खर्चको हिसावले पारविन्दु गणना गरी निकालिन्छ । सबै कार्यक्रम मध्ये न्युनतम कति कार्यक्रम सम्पन्न भएको अवस्थामा मात्र संस्थालाई नोक्सानी नहूने हो सो को आकलन यस बिधिबाट गर्न सकिन्छ । यस बाहेक लगानीमा प्रतिफल तथा मूल्य अभिवृद्धि हिसाव समेत निकाल्न आवश्यक पर्ने भएमा सोको समेत गणना गरिन्छ ।

**(ज) कार्यक्रम कार्यान्वयन तथा कार्ययोजना**

यसको लागि सहकारी संस्थाहरुले त्रैमासिक बिभाजन तथा मासिक रुपमा बिभाजन गरिएको कार्ययोजना वा एक्सन प्लान तयार पार्नू पर्ने हून्छ । यस्तो कार्ययोजनामा कून अवधिमा कून कून कार्य गरिन्छ ? त्यस्तो कार्यको सम्वन्ध अर्को कून कार्यक्रमसंग रहेको छ ? कसले जिम्मेवारी लिने हो ? कसले अनूगमन गर्ने ? कून आधारमा अनूगमन र मुल्यांकन गर्ने आदिका अतिरिक्त कार्ययोजनामा आवश्यक बजेटको नगद प्रवाह समेतको गणना गर्न सकिएमा कार्यक्रम संचालनलाई व्यवधान पर्दैन । कार्यक्रम तथा कृयाकलापको कार्यान्वयनको संयन्त्र बनाउंदा हरेक उपसमितिलाई जिम्मेवारी प्रदान गरी हरेक उपसमितिको संयोजकमा कम्तिमा एकजना संचालकलाई तोकिएको हूनू पर्दछ । संस्थामा जिम्मेवारी दिन सकिने कर्मचारीको संख्या उपलव्ध भएसम्म हरेक उपसमिति वा बिभागलाई कर्मचारीको व्यवस्था गर्ने वा एकजना कर्मचारीलाई उसको कार्यबोझ समेतको बिचार गरी एकभन्दा बढी बिभागहरु जिम्मा दिन सकिन्छ ।

कार्यक्रम कार्यान्वयन योजनामा एक अवधिमा एकभन्दा बढी कार्यसम्पादन गर्न सकिने अवस्था तथा एउटा कार्य सम्पादन भएपछि मात्र गर्न सकिने कार्यहरुको विवरण समेत ध्यान राख्नू पर्दछ ।

**(झ) अनूगमन तथा मुल्यांकनः**

सहकारीको लक्ष्य, कार्यक्रम, कृयाकलाप तथा परियोजनाको सफल कार्यान्वयनका लागि संचालित कार्यक्रमको अनूगमन गर्ने तरिका, अनूगमन सुचक तथा अनूगमनको लागि तोकिएको समयावधि समेतको निर्धारण योजना तयारीका बेलामा नै बनाउनू उपयोगी हून्छ । सामान्यतया उपसमिति बैठक तथा संचालक समितिको बैठकमा मासिक समीक्षा गर्न सकिन्छ । भन्ने त्रैमासिक रुपमा सम्पुर्ण पक्षहरुलाई सहभागि गराई बिकल्पहरुको पुननिधारण गर्ने गरि समिक्षा गनु पर्ने हुन्छ । हरेक बर्षको कार्यक्रम, कृयाकलाप तथा परियोजनाको मुल्यांकनका लागि सुचकको व्यवस्था गरी त्यसैका आधारमा अनूगमनबाट प्राप्त उपलव्धी समेतलाई ध्यान दिएर तत्कालिक र विकासगत उद्धेश्य पुरा भए नभएको मुल्यांकन गर्ने गर्नूपर्दछ

**(ञ) अन्य :**

यसमा विनियमको उद्धेश्यको व्यवसाय खण्ड, विनियममा उल्लेखित कार्यहरु, साधारण सभाको वैठकको निर्णय, सहकारी मूल्य, मान्यता र सिद्वान्तहरु, सदस्य आवश्यकता तथा प्राथमिकताहरु, संस्थामा उपलव्ध पुंजी र स्रोतहरु, स्थानीय स्रोत र साधनहरु, स्थानीय र अन्य वजारको माग, उपभोक्तामा आएको वानी परिवर्तन, उपलव्ध हूनसक्ने प्रविधि र औजारहरु, प्रतिस्पर्धाको अवस्था, विगत कार्यक्रमको अनूभव (उपलब्धि र सिकेको पाठ), संस्थाको दीर्घकालीन योजनाको लक्ष्य, सरकारको नीतिमा हूने परिवर्तन (कर, छूट, सूविधा), राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगको मात्रा, देशको सूरक्षा व्यवस्था, विभिन्न वित्तीय संस्थाहरुको संस्थागत नीतिहरुलाई ध्यानमा राखी समय सापेक्ष योजना, लक्ष्य परिमार्जन गर्दै जानुपर्दछ ।।

**वार्षिक योजना तथा बजेट तजुमा तयारीमा संलग्न निकायहरुः**

यसका लागि बिषयविज्ञ सहितको बार्षिक योजना तथा बजेट तर्जूमा कार्यदल/उपसमिति, संचालक समिति, पुर्व संचालकहरु, सल्लाहाकारहरु, सदस्यहरु, व्यवस्थापक र कर्मचारीहरु संलग्न रहन्छन् ।

**वार्षिक योजना तथा बजेट तर्जुमा फारामको ढाँचा**

| कार्यक्रमहरु | जिम्मेवारी | बजेट | अवधि | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| सदस्यता बृद्धि | | | | | | | |
| बचत | | | | | | | |
| लगानीमा रहेको ऋण | | | | | | | |
| कार्यबिधिहरु निर्माण | | | | | | | |
| संचालक समितिको क्षमता अभिबृद्धि | | | | | | | |
| कर्मचारीलाई तालिम | | | | | | | |
| सदस्यलाई सिप बिकासको तालिम | | | | | | | |
| साधारण सभा संचालन | | | | | | | |
| भवन निर्माण | | | | | | | |
| रणनितिक योजना निर्माण | | | | | | | |


माथिको तालिकामा कार्यक्रम स्तम्भमा बित्तीय लक्ष्यहरु, सदस्यता र सेवा बिस्ताका कार्यक्रमहरु, मानव संसाधन व्यवस्थापनका कार्यक्रमहरु र आन्तरीक नियन्त्रणका कार्यक्रमहरु निधारण गनुपर्ने हुन्छ भन्ने जिम्मेवारी स्तम्भमा संस्थाको अवस्था अनुसार संचालक समति सदस्यहरु वा बिभागिय कर्मचारीहरु  लाई जिम्वेवारी दिनुपर्ने पर्ने हुन्छ ।  बजेटको अनुमान गर्दा श्रोत भए अनुमानि वृद्धि , सम्पती भए परिचालन लक्ष्य , आम्दानी भए सम्पतीको परिचालन प्रतिफल दर वा बिक्रि भए  अनूमानिति बिक्रि परिमाणको आधाारमा अनुमानित आम्दानी र खर्चको को हकमा बित्तीय खर्च को हकमा अनुमाति श्रोतको भारित दर , कार्यक्रमको लागत, बस्तुको खरीद परिमाण र दर, कर्मचारी खर्च भएमा गत खर्चमा अपेक्षित बृद्धिदर, सम्पतीको परिचालनमा हुने सम्भावित जोखिम र अन्य खर्च व्यवसायको बिस्तारको आधारमा निर्धारण गनुपर्ने हुन्छ ।  अवधि स्तम्भमा मा कुन त्रैमासिकमा कुन कार्यक्रम कति परिमाणमा गर्ने भन्ने र निधारण गर्ने कार्य गर्नु पर्दछ । भन्ने कैफियतमा कुनै बिषयमा कुनै अवस्था लगाउ हुने भए अवगत गराउने ।

अतः सहकारी संस्थामा वार्षिक योजना तथा बजेट तर्जुमा कार्य अनिवार्य गर्नुपर्ने तथा अति महत्वपुर्ण कार्य हो । यो कार्य गर्दा सहि तथ्यांक लिइ कम्तीमा गत वर्षको प्रस्तावित र बास्तबिकतालाई अधार मानेर निर्धारण गनुपर्ने हुन्छ । संस्थाको बित्तिय अवस्थाको बिश्लेषण गर्दै अघिल्ला वर्षहरुको कार्यक्रम र थप नया कार्यक्रमहरु निधारण गनुपर्दछ । भन्ने संस्थामा संचालनमा रहेका समग्र पक्ष समेट्नु पर्दछ । योजना बनाउदा सकभर संस्था संग सरोकार राख्ने सबै पक्षलाई बिश्वासमा लिई कार्यक्रमहरुमा  सहभागी गराई राय सल्लाह सुझावहरु ग्रहण गर्न सकेसम्म सबै पक्षको अपनत्व कायम गराउनु पर्दछ ।  कार्यक्रमको सम्बन्धमा जती प्रभावकारी संचार हुन सक्यो त्यति सफल हुने संभावना अधिक हुन्छ तसर्थ हरेक कार्यक्रमको प्रस्ट जिम्मेवारी किटान गर्न सकेमा र नियमित समिक्षा गदै उत्कष्ट कार्य गर्नेलाई पुरस्कार र जिम्वेवारी पुरा गर्न नसक्नेलाई जिम्मेवारी हेरफेर वा कुनै दण्डको व्यवस्था गर्ने हो भन्ने बार्षिक योजना तथा बजेट तर्जमा अनुसारको उपलब्धरी संगै संस्थाको अपेक्षित उद्धेश्य प्राप्त गर्दै समग्र सहकारी अभियानले गुणस्तरीयता कायम गर्न सकिन्छ ।

*लेखक राष्ट्रिय सहकारी बैंकमा कार्यरत हुनुन्छ !*

# मौद्रिक नीतिमा समेट्न सहकारी क्षेत्रको १५ बुँदे सुझाव

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/०७९ को लागि जारी गर्न लागेको मौद्रिक नीतिमा सहकारी अभियानको तर्फबाट १५ बुँदे सुझावहरु पेश भएको छ ।




राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/०७९ मा सहकारी अभियानको तर्फबाट सुझाबलिने उद्देश्यले असार १६ गते आयोजना गरेको भर्चुअल कार्यक्रममा राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका अध्यक्ष एंव राष्ट्रिय सहकारी बैंकका सल्लाहकार मिनराज कडेलले सहकारी बैंक सहित अभियानको तर्फबाट १५ बुँदे सुझाव पेश गर्नु भएको हो ।

अध्यक्ष कडेलले पेश गर्नु भएको सुझावमा नेपाल सरकार तथा स्थानीय सरकारद्वारा कोभीड १९ नियन्त्रणको लागि चालीएको वन्दावन्दीको कारणले गर्दा सम्पूर्ण व्यवसायलाई असर परेकोले बन्दाबन्दीको अवधिमा भुक्तानी कठीनाई भएको अवस्थालाई विचार गरी कर्जा भुक्तानीको अवधिको म्यादथप र कर्जाको पुन संरचना तथा पुनर्तालीकीकरणको व्यवस्था गर्नु पर्ने, राष्ट्रिय सहकारी वैंकलाई नियमन तथा नितिगत रुपमा एकरुपता कायम गर्नका लागि नेपाल राष्ट्र वैंकवाट छुट्टै एकिकृत निर्देशिक जारी गरिनु पर्ने, सहकारी संघ संस्थाले पुऱ्याएको वित्तीय सेवालाई औपचारिक वित्तीय क्षेत्र अन्तरगत गणना गरी तथ्याङ्क समेत प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्ने, कोभीड १९ का कारण प्रभावित क्षेत्रहरुमा प्रवाहित गरिने पुन कर्जा तथा महिला, गरीब उत्पीडीत, पिछडिएका वर्ग तथा सिमान्तकृत समुदायहरुको उल्लेख्य सहभागिता रहेको सहकारी मार्फत कृषि, उत्पादन एवं प्राथमिकता प्राप्त क्षेत्रमा प्रदान गरिने सम्पूर्ण प्रकारका सहुलीयत पूर्ण कर्जा तथा सहकारी मार्फत परिचालन गर्ने व्यवस्था हुनु पर्ने भनिएको छ । त्यस्तै सहकारी क्षेत्रको वित्तीय कारोबारलाई सहज र पारदर्शी बनाउन राष्ट्रिय सहकारी बैंकलाई पुर्ण रुपमा बैंकिग कारोबारको गर्ने व्यवस्थाका साथै बैंकिग श्रेत्र सरह राष्ट्रिय चेक क्लियरिङ हाउसको सदस्यता प्रदान गरी सहकारी संस्थाको कारोवारको राष्ट्रिय भुक्तानी प्रणालीमा पहुँच विस्तार गर्नु पर्ने, भुक्तानी फछ्र्योट ऐन २०७५ मा आवश्यक संसोधन गरी सहकारी बैंक तथा मापदण्ड पुगेका सहकारी संघहरुलाई भुक्तानी प्रणाली सञ्चालक (PSO) र भुक्तानी सेवा प्रदायक (PSP) अनुमती पत्र प्रदान दिनुपर्ने,

वैक तथा वित्तिय सहकारी संस्थाहरुले अनिवार्य रुपमा प्रवाह गर्नु पर्ने विपन्न वर्ग कर्जा तथा कृषि कर्जा कुल कर्जा लगानीको न्यूनतम २० प्रतिशत सहकारी क्षेत्रवाट परिचालित गर्नुपर्ने, वित्तीय सहकारी संस्थामा सञ्चालित खातामा भुक्तानी भएको विप्रेषण कारोबारमा बैंक सरहको सुविधा प्रदान हुनूपर्ने रहेका छन् । यस्तै स्थानीय सरकारले सम्बन्धित स्थानीय तहमा कार्य क्षेत्र रहेका वित्तीय सहकारीहरुमा खाता सञ्चालन गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्न मान्यता प्रदान दिनुपर्ने, शैक्षिक प्रमाण पत्र धितो र परियोजना धितो राखी स्टार्ट अप फण्ड, ल्यापटप खरिद लगायतका कामका लागि युवा, विद्यार्थी र विपन्न वर्ग लक्षित सहुलियत कर्जा लक्षित वर्गका वास्तविक उपभोक्ता सम्म पुऱ्याउने कर्जा लगानीमा वाणिज्य वैंकहरुले प्राप्त गर्ने सुविधा सहकारी मार्फत समेत सो प्रकृतिको कर्जा लगानी गर्ने व्यवस्था गर्नुपर्ने, कृषि तथा पशु बीमा प्रिमियम संकलन र क्षति पूर्ति वितरणमा स्थानीय वित्तीय सहकारी संस्थाको परीचालन गर्नु पर्ने , भूमि बैंक सञ्चालनको लागि स्थानीय कृषि सहकारीहरुसँगको साझेदारीलाई प्राथमिकता दिनुपर्ने, सहकारी क्षेत्रको कर्जा व्यवस्थित गर्न सहकारी कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधी कारण स्थापना गर्नु पर्ने, र नेपाल सरकारले स्थापना गर्न लागेको ल्बतष्यलब एबथ्भलत न्बतभधबथ मा संविधानले समेत परिकल्पना गरेको तिनखम्वे अर्थतन्त्रको एक खम्वा को रुपमा रहेको सहकारी क्षेत्रको प्रतिननिधित्व महासंघले अनिवार्य सहभागिता हुनु पर्ने गरि सुझाव पेश गरिएको अध्यक्ष कडेलले बताउनु भयो ।

कार्यक्रममा राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीले अर्थतन्त्रको तीन खम्बा मध्येको एउटा बलियो खम्बाका रुपमा रहेको सहकारी अभियानसँग सुझाव लिने उद्देश्यले भर्चुअल रुपमा अन्तक्रिया गरिएको बताउनु भयो । गभर्नर अधिकारीले राष्ट्र बैंक सहकारी बैंक लगायत अभियानले आधुनिक प्रविधि प्रयोग गर्नुपर्छ भन्ने पक्षमा रहेको बताउनु भयो ।

उहाँले सहकारी अभियानले मौद्रिक नीतिमा समावेदश गर्ने विषयमा दिएको सुझावको विषयमा आफ्नो टिममा छलफल गरेर सम्बोधन गर्न सकिने जतिविषयलाइ समावेश गर्ने बताउनु भयो ।

कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष केशव वडाल, बरिष्ठ उपाध्यक्ष तथा आसीए ग्लोबल वोर्ड मेम्वर ओम देवी मल्ल, राष्ट्रिय सहकारी विकास वोर्डका सह-अध्यक्ष दक्ष पौडेल, महासंघका उपाध्यक्ष रमेश पोखेल, महासंघका सञ्चालक तथा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के वी उप्रेती, महासंघका सञ्चालक तथा केन्द्रीय कृषि सहकारी संघका अध्यक्ष खेम पाठक, लगायतले सल्लाह सुझाव दिनुभएको थियो । उहाँहरुले सहकारीलाई अन्य बैंक तथा वित्तीय क्षेत्र सरहको व्यवहार गर्नुपर्ने र नविन प्रविधिको सहज उपयोग गर्ने वातावरण मिलाउनु पर्नेमा जोड दिनु भएको थियो ।

सहकारी क्षेत्रको वित्तीय कारोबारलाई सहज र पारदर्शी बनाउन भुक्तानी प्रणाली विकास गरी राष्ट्रिय भुक्तानी प्रणालीमा पहुँच विस्तार गर्नु पर्ने सुझाव अभियानले दिएको थियो । जसमा गर्भनरले सकारात्मक प्रतक्रिया दिनुभएको थियो ।

# सहकारीसंग मिलेर काम गर्छौं : किर्तिपुर नगर प्रमुख महर्जन

ललितपुर-७, असार

किर्तिपुर नगरपालिकाको प्रमुख रमेश महर्जनले स्थानिय तहभित्रका सहकारीसंग मिलेर काम गर्ने बताउनु भएको छ । असार-७, गते राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा स्थानिय तहको बिकासमा सहकारीको भुमिका विषयक भर्चुअल माध्यमबाट भएको गोष्ठि कार्यक्रममा बोल्दै उहाँले नगरपालिकाले अहिले आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट निमार्णको प्रक्रियामा रहेकाले अब सहकारी मार्फत रोजगारी सिर्जना गरि गरिबी घटाउने खालका कार्यक्रम ल्याउने बताउनु भयो । नगर प्रमुख महर्जनले संविधानलेनै आर्थिक बिकासको तिन खम्बे आर्थिक नीति मध्य एक खम्बा सहकारी क्षेत्र भएकाले पनि सामाजिक र आर्थिक रुपान्तरण सहकारी मार्फत मात्र गर्न सकिने भएकाले सहकारीसंग मिलेर काम गर्न चाहेको बताउनु भयो ।

उहाँले भन्नु भयो अन्य निजि बैंक तथा बित्तिय संस्थामा झण्झटिलो प्रक्रिया र कानुनी प्रावधानको कारणले पनि सहकारी सजिलो माध्यम भएकाले नगर भित्रका सबै नागरिकहरुलाई सहकारी मार्फत आर्थिक गतिविधि गर्न नगरपालिकाले निति तथा कार्यक्रम ल्याउन लागेको बताउनु भयो । गत वर्ष पनि नगरपालिकाले कार्यक्षेत्र भित्र भएका सहकारी संस्थाहरुलाई एक संस्था बराबर कम्तिमा पनि वार्षिक तिन जनालाई रोजगारी दिने गरि कार्यक्रम ल्याए पनि कार्यान्वयण नभएको बताउनु भयो ।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी उप्रेतेले सहकारी सदस्य केन्द्रित व्यवसाय भएकाले आफ्ना सदस्यहरुको व्यवसाय प्रबर्द्धन र बिकासका लागि बैंकले पनि बित्तिय सेवा संगै गैर-बित्तिय क्षेत्रमा पनि बैंकले काम गरिरहेकाले अब स्थानिय तहसंगको साझेदारीमा त्यस क्षेत्रका स्थानियको आर्थिक तथा सामाजिक बिकासका लागि कार्य गर्न सकिने बताउनु भयो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री गुरागाँईले समुदायमा आधारित स्थानिय आर्थिक बिकासको लागि रणनीति योजना निर्माण, किर्तिपुर नगरपालिकाको सहकारी विभागका प्रमुख सुजिन्द्र महर्जनले स्थानियतहको बिकासमा सहकारीको भुमिका विषयक लगायत तिन वटा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा नगरपालिका र बैंकको किर्तिपुर शाखा कार्यालय क्षेत्र भित्रका विभिन्न एक सय भन्दा बढी सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । बैंकका अध्यक्ष के.बि उप्रेतीको अध्यक्षतामा र किर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रम बैंकका संचालक पार्वती थापाले स्वागत मन्तव्य राख्नु भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकलाई प्रहरी परिसर भक्तपुरले कदर पत्रद्धारा सम्मान

असार-१८, काठमाडौ

महानगरीय प्रहरी परिसर भक्तपुरले राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई सम्मान गरेको छ । शुक्रबार प्रहरी परिसर भक्तपुरले आयोजना गरेको सि.सि टि.भि जडान समुदघाटन कार्यक्रममा महानगरिय प्रहरी कार्यालय रानिपोखरी काठमाडौंका प्रहरी अतिरिक्त महानिरीक्षक हरि बहादुर पालले बैंकलाई कदर पत्रद्धारा सम्मान गर्नु भएको थियो । कदर पत्र बैंकको ठिमि शाखाकी प्रमुख सिता भट्टराईलाई हस्तान्तरण गर्नु भयो ।



स्थानिय टोल तथा सडक खण्ड सहित समग्र समाजमा शान्ति सुरक्षा कायम राख्नको लागि, अपराध नियन्त्रण/रोकथाम गर्न र घटित अपराधको अनुसन्धान तथा प्रमाण संकलन गर्न सि.सि टि.भि क्यामेराको प्रयोग मार्फत प्रहरीको काम कारर्बाही थप चुस्त र प्रभावकारी तुल्याउन बैंकले देखाएको उदार भाव र सामाजिक उत्तरदायित्व प्रतिको जिम्मेवारी बोध प्रशंसनीय रहेको भन्दै प्रहरी परिसर भक्तपुरले कदर पत्रले सम्मान गरेको हो ।

सहकारी बैंकले वित्तीय कारोबारसंगै गैर-वित्तीय कार्य पनि गर्ने भएकाले बैंकको सामाजिक कार्य अन्तर्गत महानगरीय प्रहरी परिसर भक्तपुरको ईलाकामा सि.सि टि.भि जडानको लागि आर्थिक सहयोग गरेको थियो । भक्तपुर जिल्ला सि.सि टि.भि जडान समिति मार्फत स्थानिय तह, बैंक तथा वित्तीय संस्था र व्यवसायिहरुको सहकार्यमा अरनिको राजमार्ग, भक्तपुर सडक खण्ड र महानगरीय प्रहरी परिसर भक्तपुरको ईलाकामा सि.सि टि.भि जडान गर्नको लागि सहकारी बैंकले सहयोग गरेको थियो ।

## राष्ट्रिय सहकारी बैंकको संस्थापक अध्यक्ष जोशीको १३ औं दिनको पुन्येतिथिमा श्रद्धाञ्जली सभा

असार-११,ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडले संस्थापक अध्यक्ष राजेशहरि जोशीको १३ औं दिनको पुन्यतिथिको अबसर पारी श्रद्धाञ्जली सभा कार्यक्रम गरेको छ ।

स्वर्गीय जोशीको मृत्य भएको असार ११ गते १३ औं दिनको पुन्यतिथिमा बैंक परिवारको तर्फबाट दिवङ्गत आत्माको चिरशान्तीको कामना सहित परिवारजनमा समवेदना अर्पणको लागि भर्चुअल माध्यमबाट श्रद्धाञ्जली सभा कार्यक्रम सम्पन्न गरेको हो । बैंकका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर बचत तथा ऋण सहकारी संघ लिमिटेडका उपाध्यक्ष विजय सागर श्रेष्ठ, बैंकको पूर्व संचालकहरुबाट डिल्लीराम तिवारी, लेखा सुपरिवेक्षण समितिहरुको तर्फबाट निवर्तमान संयोजक कुल चन्द्र अधिकारी, राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका अध्यक्ष एंव बैंकका सल्लाहकार मिनराज कँडेल, बैंकका निवर्तमान अध्यक्ष रमेश पोखरेल, बैंकका सल्लाकारहरु भागवत श्रेष्ठ, प्रा.डा.विश्वम्भर प्याकुरेल, धर्मदत्त देवकोटा, दिपक प्रसाद बास्कोटा, बैंकका सल्लाहकार, राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका निवर्तमान अध्यक्ष एंव पूर्व मन्त्रि केशव बडाल र स्वर्गिय जोशीका परिवारका तर्फबाट राजु ताम्रकार लगायतले जोशीलाई श्रद्धाञ्जली दिदैं उहाँको अपुरो कामलाई पुरा गर्नु पर्ने बताउँदै सहकारी क्षेत्रमा जोशीले गरेको योगदानको चर्चा गरेका थिए ।

श्रद्धाञ्जली सभा कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंक स्थापना देखी बैंकमा आबद्ध हुँदा सम्मको समयमा स्वर्गीय जोशीले गर्नु भएको योगदानको विषयमा प्रस्तुति दिनु भएको थियो ।

बैंकको यस अघि असार २ गते बुधबार बसेको सञ्चालक समितिको बसेको बैठकले स्वर्गीय जोशीप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको स्मृतिमा बैंकको तर्फबाट पुरस्कार स्थापना गर्ने निर्णय गरेको थियो भने जोशी प्रति श्रद्धाञ्जली अर्पण गर्नका लागि बैंकको केन्द्रीय कार्यालय सहित ६८ वटै शाखामा १३ औं पूण्य तिथि अर्थात शुक्रबारसम्म शोक पुस्तिका राखेको थियो ।

बैंकको तदर्थ समितिको अध्यक्ष रही २०६० असार २५ गते बैंक दर्ता गर्ने जिम्मेवारीमा रहनु भएका जोशी २०६० पुस देखि २०६५ पुससम्म बैंकको प्रथम कार्यकाल अध्यक्ष र २०६५ पुसदेखि २०७० मंसिरसम्म दोस्रो कार्यकाल सञ्चालकको जिम्मेवारीमा रहेर बैंकको प्रवर्द्धनमा योगदान गर्नु भएको थियो । जोशीले ललितपुरस्थित नेशनल डेभलपमेण्ट सहकारी संस्थाका तर्फबाट बैंकमा प्रतिनिधित्व गर्नु भएको थियो ।

हेटौडामा जन्मिएर हाल ललितपुर बस्दै आउनु भएका ६६ वर्षीय जोशीको हृदयघातका कारण जेठ ३० गते निधन भएको थियो ।

## सहकारीमा कर व्यवस्था विषयक तालिम

असार-१८, ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा सहकारीमा कर व्यवस्था विषयक एक दिने तालिम सम्पन्न भएको छ ।

बैंकले प्रदेश नम्बर-२, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशमा रहेका सहकारी संघ/संस्थाका सहकारीकर्मीहरुलाई आफ्नै संस्थामा बसेर कर भुक्तानी गर्न सिकाउने उदेश्यले असार १८ गते भर्चुअल माध्यमबाट तालिम संचालन गरेको थियो ।

बैंकका अध्यक्ष के.बी उप्रेतीले कार्यक्रमको शुभराम्भ गर्दै कोरोना संक्रमणका कारण उत्पन्न असहज परिस्थितिमा बैंकले सहकारी व्यवस्थापन, लेखा तथा कर लगायतका विषयमा नियमित रुपमा सहजीकरण गर्दै आएको भन्दै उहाँले सहकारी व्यवसायलाई थप प्रभावकारी र व्यवस्थित गराउनका लागि कार्यक्रम सहयोगी हुने बताउनु भयो ।

तालिमको चार्टर एकाउन्टेन्ट्स (सिए) रमेश नेपालले सहकारीमा भएका कर व्यवस्थाका विषयमा सहजीकरण गर्नु भएको थियो भने तालिम कार्यक्रमको संचालन तालिम विभागको बरिष्ठ अधिकृत मिना कुमारी शर्माले गर्नु भएको थियो ।

तालिममा प्रदेश नम्बर-२, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा रहेका सहकारी संघ/संस्थाका अध्यक्ष, कोषाध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायत चार सय पचास भन्दा बढी सहकारीकर्मीको सहभागिता रहेको थियो । लकडाउनको समयमा पनि तालिम तथा शिक्षालाई निरन्तरता दिएको बैंकले असार मसान्त अघाडी सहकारी क्षेत्रमा भएको करका विषयमा तालिम संचालन गरेको हो ।

बैंकले असार-१६, गते बागमती प्रदेश, १७ गते प्रदेश नम्बर एक र गण्डकी प्रदेशमा र असार-१८, गते प्रदेश नम्बर दुई, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका सहकारीकर्मीहरुको लागि तालिम आयोजना गरेको हो ।

# अन्तर्राष्ट्रिय सहभागीद्वारा नेपालको सहकारी भ्रमण

असार-२१, काठमाडौ

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य संस्था झापा स्थित नेपाल बहुउद्देश्यीय सहकारी संस्था (लि.) को एशिया तथा अष्ट्रेलिया लगायतका विभिन्न सहकारी संघ/संस्थाका २२७ भन्दा बढी सहकारीकर्मीहरूले (भर्चुअल) रूपमा अध्ययन अवलोकन गरेका छन् । एशियाली ऋण महासंघको आयोजना र राष्ट्रिय सहकारी बैंकको व्यवस्थापनमा असार २१ गते कार्यक्रम सम्पन्न भएको हो । एशियाली ऋण महासंघद्वारा बैंकक, थाइल्याण्डबाट सञ्चालन गरिएको कार्यक्रममा नेपाल लगायत भारत, थाइल्याण्ड, इन्डोनेशिया, फिलिपिन्स, बंगलादेश, जापान, श्रीलंका, अष्ट्रेलिया तथा लाओस लगायतका देशका सहकारीकर्मीहरू सहभागी थिए ।

एशियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत लेनी भि सान रोक तथा प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराचीले सञ्चालन गर्नुभएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले शुभकामना सन्देशका साथै बैंकको गतिविधीबारे प्रकाश पार्नु भएको थियो । साथै नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष राम चन्द्र उप्रेतीले सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्नुभएको थियो ।




कार्यक्रममा नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको तर्फबाट संस्थाको परिचयका साथमा मुख्य तथा विशेष व्यवसायहरू, वित्तीय अबस्था, चुनौतिहरू, संस्थाको उत्पादन र सेवाहरू र सहकारीले गरेका उपलब्धिहरू जस्ता विषयहरू समावेश गरिएको श्रव्यदृष्य सामग्री र पावरप्वाइन्टबाट अलग अलग प्रस्तुति गरिएको थियो । प्रस्तुतीको क्रममा कोभिड-१९को असर र यसबाट बच्नका लागि संस्थाद्वारा अवलम्बन गरिएका उपायहरू लगायतका विविध विषयमा राखिएको जिज्ञाशाहरूको सम्बोधन संस्थाका प्रमुख कार्यकारी अधिकृत लक्ष्मी प्रसाद उप्रेती र प्रबन्धक नविन भण्डारीले गर्नुभएको थियो । नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको प्रस्तुतीमा सहकारीले बचत तथा ऋण, एकिकृत नमूना कृषि फारम, सहकारी पसल, डेरी र चिया उद्योग गरी ५ वटा व्यावसायिक कारोबारबाट करीब १ लाख ५ हजार सदस्यहरूलाई लाभ पुऱ्याउन सफल भएको विवरण प्रस्तुत भएको थियो ।

कोभिड-१९ को महामारीको कारण भौतिक उपस्थितिमा कार्यक्रम सञ्चालन गर्न नसकिएको अवस्थामा पनि एशियाली ऋण महासंघले भर्चुअल रूपमा यस्ता भ्रमण तथा तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ । एशियाली ऋण महासंघमा नेपालबाट राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड नियमित सदस्य रहेका छन् ।

# संरक्षित पूँजी फिर्ता कोषको कार्यान्वयनले सहकारीमा सदस्यको आकर्षण बढाउछः अध्यक्ष उप्रेती

राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी.उप्रेतीले सहकारी ऐनमा व्यवस्था भए अनुसार संरक्षित पूँजि फिर्ता कोषलाई प्रभावकारी परिचालनका लागि सहकारी संघ संस्थाहरुलाई आव्हान गर्नु भएको छ ।

बैंकको पोखरा र तालचोक शाखाले मंगलवार भर्चुअल माध्यमबाट आयोजना गरेको संरक्षित पूँजि फिर्ता कोष परिचालन सम्बन्धी एक दिने तालिमको शुभारम्भ गर्दै उप्रेतीले यस्तो बताउनु भएको हो । उहाँले सहकारी ऐन र नियमावली अनुसार सहकारी संघ संस्थाहरुको खुद वचतबाट संरक्षित पूँजी फिर्ता कोषमा छुट्टिएको रकमलाई प्रभावकारी कार्यान्वयन गर्न

सकेमा सहकारीमा सदस्यहको आकर्षण बढ्ने बताउनुभयो । शेयर लाभांश बाहेक कारोबारका आधारमा अतिरिक्त रकम पाइने भएकाले सदस्यहरुले सहकारीसंग कारोबार बढाउने उहाँको भनाइ थियो ।

सहकारी ऐन अनुसार संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुले वार्षिक रुपमा कारोबार गरेको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । कार्यक्रममा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले संरक्षित पूँजि फिर्ता कोषलाई सबै सहकारी संघ संस्थाहरुले अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्नेमा जोड दिनुभयो । सदस्यहरुलाई सहकारी संघ संस्थामा कारोबार गर्न यो कोषको कार्यान्वयनले सहज बनाउने उहाको भनाइ थियो ।

बैंकका नायव महाप्रवन्धक किशोर कुमार बिमलीले सहकारी ऐन, बोनस ऐन र श्रम ऐनका बारेमा जानकारी गराउनु भएको थियो ।

बैंकका तालिम विभागका अधिकृत नारायण वेलवासेले सहकारीमा संरक्षित फिर्ता पूँजि कोषको कानुनी प्रावधान, यसको महत्व र परिचालन गर्ने तरिका लगायतका विषयमा सहजीकरण गर्नु भएको थियो । बैंकको तालचोक शाखाका प्रमुख सन्तोष घिमिरेले स्वागत गरेको कार्यक्रमको सञ्चालन तालिम विभागका वरिष्ठ अधिकृत मिना शर्माले गर्नु भएको थियो ।

भर्चुअल रुपमा सञ्चालित तालिममा कास्की जिल्लामा सञ्चालित विभिन्न सहकारी संघ संस्थाका ८० जनाको सहभागिता रहेको थियो ।



# सामाजिक सुरक्षा कोषका विषयमा छलफल

जेठ-२१, काठमाडौं
राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा सामाजिक सुरक्षा कोष कार्यविधिको पछिल्लो संसोधन र मुख्य प्रावधानका विषयमा छलफल एंव अन्तरक्रिया कार्यक्रम जेठ २१ गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन कोषको कार्यविधि २०७५ मा भएको व्यवस्था र पछिल्लो पटक दोस्रो संशोधन २०७७ मार्फत भएका विषयहरुमा जानकारी दिने उदेश्यले बैंकका सदस्य संघ संस्थाहरुलाई लक्षित गरि कार्यक्रमको आयोजना गरिएको हो ।
कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका अध्यक्ष एंव बैंकका सल्हाकार मिनराज कडेलले सामाजिक सुरक्षा कोषमा आबद्ध हुन सबै केन्द्रिय संघहरु, प्रदेश स्तरीय संघहरु, जिल्ला स्तरिय संघहरु र प्रारम्भिक संस्थाहरुलाई सुचिकृत भई त्यसमा आबद्ध हुन आव्हान गर्नु भयो । उहाँले भन्नु भयो कोषको कार्यविधि २०७५ मा केहि बुँदाहरुमा समस्या रहेकाले पछिल्लो कार्यविधि २०७७ मा धेरै विषयहरु समेटिएर आएको हँदा त्यसमा सुचिकृत हुन अनुरोध गर्नु भएको हो, अझै पनि कति विषयहरु भए त्यसलाई सहकारी अभियानले पछि छलफल गर्ने भएकाले त्यसमा सहभागि हुन उहाँले आग्रह गर्दै कोभिडको पहिलो र दोस्रो लहर जस्ता महामारीले झन यसको महत्व बढ्दै गएकोले आफ्नो सुरक्षाको लागि भए पनि आबद्ध हुन सहकारीका कर्मचारीहरुलाई आग्रह गर्नु भयो ।

यस्तै बैंकका अध्यक्ष के.बी उप्रेतिले सरकारले श्रमिकहरुको सुरक्षाका लागि अगाडी सारेको महत्वपुर्ण कार्यक्रम भएकाले यसलाई पहिलो कार्यविधि २०७५ मा केहि कमि कमजोरीमा सुधार भएर आएको हुनाले यसलाई अब इन्कार गर्न नसकिने बताउनु भयो । उहाँले सामाजिक सुरक्षा कोष योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको अझै केहि नीति गत सुधार गर्नुपर्ने आवश्यकता रहेकोले योजनाको स्किमको दायरा बढाएर आकर्षित गरी सबै सहकारी संघ संस्थाका कर्मचारीलाई आबद्ध गराउन सकिने बताउनु हँदै यसलाई निरन्तर अभियानले लबिङ गरिरहेको बताउनु भयो ।
कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले हालै सरककारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्यमा पनि समाजिक सुरक्षा कोषलाई जोड दिएकाले कोषमा सहभागी भएका रोजगारदाता र कर्मचारीको २०७८ जेठ र असार दुई महिनाको पुरै अर्थात् ३१ प्रतिशत रकम सरकारले नै जम्मा गरिदिने भएकोले कोषमा सुचिकृत हुन बाँकीलाई २०७८ असार मसान्त सम्म आबद्ध भई सक्न अनुरोध गर्नु भयो ।

## कमलविनायक र जोरपाटी शाखाद्वारा वार्षिक योजना तथा बजेट निर्माण तालिम

जेठ-३०, काठमाडौं ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड कमल विनायक र जोरपाटीशाखाको आयोजनामा जेठ ३० गते बार्षिक योजना तथा बजेट निर्माण विषय एक दिने तालिम सम्पन्न भएको छ ।

कमल विनायक र जोरपाटी शाखा कार्यालय अन्तर्गत करोबार गर्ने सहकारी संघ/संस्थाका संचालक, पदाधिकारी तथा कर्मचारीहरुलाई लक्षित गरी भर्चुअल माध्यमबाट तालिम संचालन गरिएको थियो ।

बैंकका अध्यक्ष के.बी उप्रेतीले तालिमको शुभारम्भ गर्दै वार्षिक योजना तथा बजेट बनाउने अहिले उपयूक्त समयमा कार्यक्रमको आयोजना गरिएकोले सहकारी संस्थाहरुले योजनाबद्ध एवं व्यवस्थित रुपमा नीति तथा कार्यक्रमलाई अघि बढाउन कार्यक्रमले सहयोग पुऱ्याउने बताउनु भयो । उहाँले संस्थाको वार्षिक योजना तथा बजेट निर्माण गर्दा सबै पक्षलाई ध्यान दिन पनि आग्रह गर्नु भयो । कार्यक्रममा बैंकका संचालक तथा बागमती प्रदेशका संयोजक ज्ञान बहादुर तमाङ, संचालक एंव तालिम शिक्षा तथा सम्मान उपसमितिको संयोजक सरिता तिम्सिना (भट्टराई) लगायतको आतिथ्यता रहेको थियो ।

बैंकको तालिम विभागका अधिकृत सुर्य प्रसाद रिमाल र नारायण बेल्बासेले सहकारीमा वार्षिक योजना तथा बजेट निर्माणको प्रकृया, संस्थाको उद्देश्य तथा लक्ष्य निर्धारण, प्रभावकारी अनुगमन तथा मूल्यांकनका लागि आवश्यक विषयहरुमा सहजीकरण गर्नु भएको थियो ।

बैंकको तालिम विभागका बरिष्ठ तालिम अधिकृत मिनाकुमारी शर्माले गर्नु भएको तालिममा कमल विनायक र जोरपाटी क्षेत्रका एक सय ५० जना भन्दा बढी सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

## बुटवल र कोटेश्वर शाखाको बार्षिक योजना तथा वजेट तर्जुमा तालिम

जेठ-६,बुटवल

राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल र कोटेश्वर शाखाको (भर्चुअल) माध्यमबाट आयोजना भएको वार्षिक योजना तथा बजेट तर्जुमा बिषयक तालिम जेठ ६ गते सम्पन्न भएको छ ।

तालिममा बुटवल शाखाकाको कार्य क्षेत्र गुल्मी,पाल्पा, कपिलवस्तु, अर्घाखाची, रुपन्देही जिल्लाका र कोटेश्वर शाखा कार्यालय क्षेत्रका सहकारीकर्मीको सहभागिता रहेको थियो ।

तालिमको शुभराम्भ गर्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी संस्थाले वार्षिक योजना र बजेट निमार्ण कार्यलाई अनिवार्य गरि लागु गरिनुपर्ने बताउँदै त्यसको लागि संस्थाका संचालक तथा कर्मचारीहरुको भुमिका महत्वपुर्ण हुने बताउनु भयो ।

तालिममा बैंकका संचालक माधवलाल देवकोटा र विजया धितालको आतिथ्यता रहेको थियो । बैंकका बरिष्ठ अधिकृत मिना कुमारी शर्माले संचालन गर्नु भएको तालिमको सहजीकरण बैंकका अधिकृत नारायण बेल्बासेले गर्नु भएको थियो भने स्वागत मन्तव्य बुटवल शाखाका प्रमुख सुनिल  मर्हजनले गर्नु भएको थियो ।

तालिममा सहभागीहरुले तालिम अत्यन्तै प्रभावकारी तथा समय सापेक्ष भएको बताउदै सहकारी बैंकले आगामिदिनहरुमा पनि यस्तै प्रकारका  तालिम सञ्चालन गर्न सुझाब समेत दिएका थिए । तालिममा बुटवल र कोटेश्वर शाखा कार्यालय अन्तर्गत कारोबार गर्ने सहकारी संघ संस्थाका पदाधिकारी, संचालक, व्यवस्थापक तथा कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

## कर्जा व्यवस्थापनमा बढी ध्यान दिन आवश्यकः संचालक तामाङ

जेठ-१९,काठमाडौं

राष्ट्रिय सहकारी बैंक लिमिटेडका संञ्चालक एंव बागमती प्रदेशका संयोजक ज्ञान बहादुर तामाङले सहकारीमार्फत आय-आर्जन गर्ने मुख्य माध्यम कर्जा भएकाले कर्जा व्यवस्थापनमा बढी ध्यान दिन आवश्यक रहेको बताउनु भएको छ ।

बैंकको नारायण गोपाल चोक र इमाडोल शाखाको संयूक्त आयोजनामा बुधबार जुम प्रविधिबाट भएको कर्जा जोखिम तथा व्यवस्थापन विषयक एक दिने तालिमको शुभारम्भ गर्दै यस्तो बताउनु भएको हो । उहाँले कर्जा तथा जोखिम व्यवस्थापन तालिमबाट सिकेको कुरा व्यवहारमा लागु गरी आफ्नो संस्था र समग्र सहकारी अभियानलाई प्रभावकारी बनाउने कार्यमा लाग्न तालिममा सहभागी सहकारीकर्मीहरुलाई आग्रह समेत गर्नु भयो ।

कुशल व्यवस्थापन तथा दिगो बिकासका लागि सहकारी संस्थालाई सबल र सक्षम बनाउन जोखिम रहित कर्जा लगानी तथा व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने बताउनु भयो ।

सहकारी संस्थाहरुमा कर्जा लगानीको पक्षलाई जोखिम रहित बनाउने र कर्जा व्यवस्थापन, भाखा नाघेको कर्जा व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायतका विषयमा सहभागीहरुलाई जानकारी गराउने उद्देश्यका साथ आयोजना गरिएको तालिममा दुबै शाखा कार्यालय अन्तर्गत त्यस क्षेत्रका सहकारी संघ संस्थाका कर्मचारी तथा संचालकहरुलाई

लक्षित गरी तालिम सञ्चालन गरिएको थियो । कार्यक्रममा एक सय तिस जना भन्दा बढी सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

तालिम विभागका तालिम अधिकृत सुर्य प्रसाद रिमालले सहकारी संस्थामा कर्जा लगानी प्रक्रिया, असुली, सुपरिवेक्षण तथा सो बाट हुने सबल तथा जोखिमका पक्ष लगायतका विषयमा सहजीकरण गर्नु भएको कार्यक्रमको संचालन तालिम विभागका बरिष्ठ अधिकृत मिना कुमारी शर्माले गर्नु भएको थियो, भने स्वागत मन्तव्य नारायण गोपालचोक शाखाका प्रमुख सिद्धि कुमार श्रेष्ठले गर्नु भएको थियो ।

तालिमको समापन बैंकका संचालक केदार मानन्धरले गर्नुभएको थियो । तालिममा सहभागिहरुले कार्यक्रम उपयोगि भएको बताउदै सहकारी बैंकले आगामी दिनहरुमा पनि यस्तै प्रकारका तालिम संचालन गर्न सुझाब समेत दिएका थिए । त्यस्तै बैंकको नारायण गोपालचोक र ईमाडोल शाखाको आयोजनमा मङ्गलबार सहकारीमा वार्षिक योजना तथा बजेट निर्माण सम्बन्धि तालिम भर्चुअल माध्यमबाट भएको थियो । उक्त तालिममा त्यस क्षेत्रका एक सय बिस भन्दा बढी सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । बैंकले कोरोना महामारीको समयमा देशका विभिन्न स्थानिय तहले लगायको बन्दाबन्दीको समयमा पनि सदस्य संघ संस्थाका प्रतिनिधिहरुलाई निरन्तर तालिम तथा शिक्षाका कार्यक्रम संचालन गरिरहेको छ ।

## देशभरका सहकारीकर्मीहरुका लागि सहकारीमा कर विषयक अन्तरक्रिया

जेठ-२७, काठमाडौं
राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा सहकारीमा कर विषयकअन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न भएको छ ।
बैंकको सदस्य संघ संस्थाका पदाधिकारी, संञ्चालक, तथा कर्मचारीहरु लगायतलाई लक्षित गरी सहकारीमा कर व्यवस्थाको षियमा जानकारी दिने उदेश्यले जेठ २७ गते जुम प्रविधि मार्फत भएको छलफल कार्यक्रममा देश भरिका एक हजार सात सय भन्दा बढी सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका अध्यक्ष एंव बैंकका सल्लाकार मिनराज कडेलले सहकारी अभियानको निरन्तर लबिङको कारण सहकारीलाई आयकरमा छुट दिएको भन्दै त्यसलाई सबै संघ संस्थाले समयमानै कर तिरि कर चुक्ताको प्रमाण पत्र लिन आग्रह गर्नु भयो । सहकारीलाई सरकारले दिने सहुलियतमा महासंघ, सहकारी र केन्द्रिय संघहरुले निरन्तर खबरदारी गरेको बताउनु भयो । अभियानले अघि सारेको “मर्यादित व्यवसाय र प्रविधिमा सहकारी” भन्ने थिमलाई अनिवार्य रुपमा परिपालना गरि व्यवसाय गर्न पनि सहकारीका प्रतिनिधिहरुलाई अनुरोध गर्नु भयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका बरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवीमल्लले बैंकले संञ्चालन गरेको महत्वपुर्ण तालिम सातै प्रदेश स्तरमा गर्न सुझाब दिनु भयो । सरकारले कर तिर्ने सिष्टमको लागि सहज वातावरण बनाउनु पर्ने भन्दै कर तिर्नेलाई सम्मान गर्ने बानिको बिकास गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष एंव महासंघका संञ्चालक के.बी उप्रेतीले सहकारीलाई कोभिडको महामारीमा पर्ने असरलाई सम्बोधन गर्ने गरी राष्ट्रिय सहकारी बैंकले काम गरिरहेको बताउँदै पछिल्लो समय बन्दा-बन्दीको समयमा पनि बैंकले वित्तिय सेवा संगै प्रदेश तथाशाखा स्थरिय तालिम तथा शिक्षाका कार्यक्रम संञ्चालन गरिरहेको बताउनु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका संञ्चालक डि.बी बस्नेतले बैंकले कोभिडको समयमा पनि निरन्तर तालिम तथा शिक्षाका कार्यलाई निरन्तरता दिएको भन्दै यसलाई व्यापक रुपमा लानु पर्ने बताउनु भयो ।

कार्यक्रममा बरिष्ठ चार्टर्ड एकाउन्टेन, कर विज्ञ तथा लेखक शेषमणि दाहालले सहकारीमा करको व्यवस्था, संशोधनका सहुलियत, अन्य संशोधन, आयकर ऐन २०५८, मुल्य अभिवृद्धि ऐन २०५२, अन्त. शुल्क ऐन २०५८ का मुद्धाहरुका बारेमा

जानकारी दिनु भयो त्यसैगरी कोभिडको समयमा भएको सहुलियत अनुसार जुनसुकै व्यवसायमा एक करोड सम्मको कारोबारमा ५० प्रतिशत छुट, करको दर आर्थिक वर्ष २०७७/२०७८ मा भएको व्यवस्था तथा सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा भएको कर सम्बन्धि व्यवस्था, अनलाई मार्फत गर्न सकिने कार्यहरु र आयविवरण संशोधनका विषयमा सहजिकरण गर्नु भएको थियो। बैकंका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रमको संञ्चालन बैकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले गर्नु भएको थियो।

# कोरोना महामारी पनि सहकारी बैंकको निरन्तर सदस्य शिक्षा

जेठ-८, काठमाडौ

राष्ट्रिय सहकारी बैंक लिमिटेडले कोरोना महामारीको समयमा पनि सदस्य संघ संस्थाहरुका लागि निरन्तर तालिम तथा शिक्षा दिईरहेको छ।

नेपालमा नयाँ भेरियन्ट सहित कोरोना भाईरसको दोस्रो लहर फैलिए पछि कोभिड-१९, को संक्रमण पुष्टी हुने र मृत्यु हुनेको संख्या दिन-प्रतिदिन बढ्दै गएपछि सरकारले विभिन्न स्थानमा जारी गरेको निषेधाज्ञामा बैंकले भर्चुअल माध्यमबाट शुरु गरेको तालिम तथा शिक्षाका र्यक्रमा सहकारी संघ संस्थाहरुको प्रतिनिधिहरुले उल्लेख्य मात्रमा सहभागिता जनाएका छन्।

अहिले अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कन, बैठक, भेला, गोष्ठी, तालिम, सेमिनार जस्ता मानिसहरुको भिडभाड हुने खालका गतिविधि तथा कार्यक्रमहरु अत्यावश्यक बाहेकका साधन बाहेकका अन्य सवारी साधनहरुलाई आवत जावत गर्न समेत रोक लगाईएको अवस्था पनि बैंकले निरन्तर सेवा दिएको हो। यसको प्रभाव होटल व्यावसाय, शैक्षिक संस्था तथा सामाजिक संस्थाहरु पूर्ण रुपमा बन्द रहेका छन भने बैंक तथा वित्तिय संस्था र सहकरीहरुले आंशिक रुपमा सेवा प्रवाह गरिरहेका छन। अरु बेला भौतिक रुपमानै उपस्थित भएर तालिम संञ्चालन गर्ने गरेको बैंकले बन्दाबन्दीको समयमा भने भर्चअल माध्यमबाटनै आधारभुत तहका तालिम तथा शिक्षालाई निरन्तर संञ्चालन गरेको हो।

गुणस्तरिय शिक्षालाई प्राथामिकतामा राखी सदस्य सहकारी संघ संस्थाको सेवाको गुणस्तर वृद्धी गर्ने र सहकारी संस्थाको संस्थागत बिकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ सदस्य सहकारी संघ संस्थाहरुका लागि केन्द्रित गरि बन्दाबन्दीको समयमा आयोजना गरिएको तालिम तथा शिक्षा कार्यक्रम प्रभावकारी बन्दै गएको बैंकका अध्यक्ष के.बी उप्रेतीले बताउनु भयो।

उहाँले सरकारले जारी गरेको बन्दाबन्दीको समयमा बैंकले दैनिक जसो ६८ वटै शाखा कार्यालयबाट तालिम तथा शिक्षा निरन्तर संञ्चालन भएको बताउँदै त्ससबाट सहकारीकर्मीहले भरपुर उपयोग गरेको बताए ।

अध्यक्ष उप्रेतीले बैंकद्धारा संञ्चालित तालिम तथा शिक्षाका कार्यक्रम सबै सहकारी संघ संस्थामा सम्मान रुपले पुऱ्याउन नसकिएको हालको अबस्थालाई मध्येनजर गर्दै सम्पुर्ण सदस्य संस्थाको संस्थागत क्षमता बिकास गर्नको लागि विभिन्न कार्यक्रम संञ्चालन गरि सदस्य सहकारी संघ संस्थाको सहभागितामा वृद्धी गर्दै लगिने निति बैंकले लिएको बताउनु भयो।

हाल नेपालमा कोरोना भाईरसको नयाँ भेरियन्ट सहित दोस्रो लहरमा फैलिएको (कोभिड-१९) को संक्रमण पुष्टी हुने र मृत्यु हुनेको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको समयमा देश भरका स्थानीय प्रशासनहरुले कोरोना भाइरस संक्रमण जोखिम व्यवस्थापन, न्यूनीकरण र रोकथामका लागि निशेषधाज्ञा जारी गरिएको बेला बैंकले आफ्ना सदस्य संघ संस्थाका प्रतिनिधिहरुका लागि वित्तिय सेवा संगै निरन्तर तालिम तथा शिक्षाका कार्यक्रम संञ्चालन गरिरहेको छ। तालिममा सहकारी संघ संस्थाका पदाधिकारी, संचालक, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य, विभिन्न उप-समितिका संयोजक तथा सदस्य, व्यवस्थापक तथा कर्मचारी लगायत दैनिक जसो एक सय भन्दा बढीको सहभागिता रहने गरेको

छ । तालिममा सहभागी सहकारीकर्मीहरुले तालिम अत्यन्तै प्रभावकारी र उपयोगि रहेको बताउदै सहकारी बैंकले आगामिदिनहरुमा पनि यि र यस्तै प्रकारका तालिम तथा शिक्षा सञ्चालन गर्न सुझाब समेत दिएका थिए ।

सहकारी संघ संस्थाहरुको प्रवर्द्धन, विकास एंव वित्तिय आवश्यकता पुरा गरी संघ संस्थाहरुलाई बैकिङ्ग सेवामा पहँच पुऱ्याउनका साथै वित्तीय तथा अन्य सेवा उपलब्ध गराउन सहकारी क्षेत्रमा सहयोग पुऱ्याउन ७७ वटै जिल्लामा सदस्य विस्तार गरेको बैंकमा करिब १४ हजार सहकारी संघ संस्था रहेका छन ।

# किर्तिपुरमा वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

जेठ-५,किर्तिपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेड किर्तिपुर शाखाको (भर्चुअल) माध्यमबाट आयोजना भएको वार्षिक योजना तथा बजेट तर्जुमा तालिम जेठ ५ गते सम्पन्न भएको छ ।

तलिममा किर्तिपुर शाखा कार्यालय अन्तर्गत कारोबार गर्ने सहकारी संघ संस्थाका पदाधिकारी, संचालक, व्यवस्थापक तथा कर्मचारी लगायत ६० जनाको सहभागिता रहेको थियो । तालिमको शुभराम्भ गर्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी संस्थाले वार्षिक योजना र बजेट निमार्ण कार्यलाई अनिवार्य गरि लागु गरिनुपर्ने बताउँदै त्यसको लागि संस्थाका संचालक तथा कर्मचारीहरुको भुमिका महत्वपुर्ण हुने बताउनु भयो ।

बैंकका बरिष्ठ अधिकृत मिना कुमारी शर्माले संचालन गर्नु भएको तालिमको सहजीकरण बैंकका अधिकृत सुर्य प्रसाद रिमालले गर्नु भएको थियो भने स्वागत मन्तव्य किर्तिपुर शाखाका प्रमुख समिर मानन्धरले गर्नु भएको थियो ।

# गण्डकी प्रदेशका सहकारीकर्मीहरुका लागि साईबर सुरक्षा तालिम

जेठ-२६, काठमाडौं

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा गण्डकी प्रदेशको ११ वटा जिल्लाका सहकारी संघ संस्थाहरुका सहकारीकर्मीहरुका लागि साईबर सुरक्षा सम्बन्धि एक दिने तालिम जेठ २६ गते सम्पन्न भएको छ ।

कोरोना भाईरस (कोभिड-१९) महामारीको समयमा पनि प्रविधिलाई जोड दिँदै बैंकले सदस्य संघ संस्थाका जनशक्तिहरुलाई प्रविधि प्रयोगमा दक्षता वृद्धी गराउने उद्देश्यले आयोजना गरेको तालिममा बागमती प्रदेशका मुस्ताङ्ग, म्याग्दी, पर्वत, बागलुङ्ग, गोरखा, लमजुङ्ग, मनाङ्ग, स्याङ्गजा, कास्की, तनहुँ र नवलपरासी (सुस्तापूर्व बर्दघाट) का गरी ११ जिल्लाका सहकारी संघ संस्थाका सञ्चालक तथा कर्मचारीहरुलाई लक्षित गरी भर्चुअल माध्यमबाट तालिम सञ्चालन गरेको थियो । तालिममा तिन सय भन्दा बढी सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

तालीम कार्यक्रमको शुभारम्भ गर्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी बैंकको सदस्य सहकारी संघ संस्थामा प्रविधिमैत्री सेवासंगै जोखिमको पहिचान गरी त्यसको निराकरणका लागि सहकारीका कर्मचारी तथा सञ्चालकहरुलाई सचेत बनाउने उद्देश्यका साथ बैंकले साईबर सुरक्षा सम्बन्धी तालिम सञ्चालन गरेको उहाँले बताउँदै त्यसको लागि संस्थाका जिम्मेवार कर्मचारी चनाखो हुनु पर्ने बताउनु भयो ।

उहाँले बैंकले पछिल्लो समय आफ्ना सदस्य संस्थाहरुलाई प्रविधिमैत्री बनाउन बढी जोड दिएको भन्दै संस्थालाई आवश्यक सम्पूर्ण अनलाइन सेवा राष्ट्रिय सहकारी बैंक मार्फत उपलब्ध गराउन सकिने बताउनु भएको भयो । अध्यक्ष उप्रेतीले असज परिस्थितिमापनि बैंकले सुरक्षित तबरबाट सेवा दिई रहेकाले बैकसंग ढुक्क भएर कारोबार गर्न आग्रह गर्नु भयो । बैंकले महामारीको समयमा पनि प्रविधिलाई जोड्दै निरन्तर सदस्य शिक्षा तथा तालिमका कार्यक्रमलाई अगाडी बढ्ाएको बताउनु भयो ।

कार्यक्रममा सहकारी रजिष्ट्रारको कार्यालय पोखराका अधिकृत सागर खनालले सहकारीका कर्मचारीहरुलाई आफ्नो संस्थामा साईबर सुरक्षामा ध्यान दिन अनुरोध गर्नु भयो ।

तालिममा बैंकका प्रमुख प्रविधि अधिकृत नविन कुमार कार्कीले सहकारी संस्थाहरुमा प्रविधिको प्रयोगका क्रममा आउन सक्ने जोखिम तथा खतराबाट जोगिने उपायहरु, समयानुकुल सहकारीमा प्रयोग गरिने नयाँ-नयाँ प्रविधि लगायत साइबर सुरक्षाका विषयमा सहजीकरण गर्नु भएको कार्यक्रमको सञ्चालन तालिम विभागका बरिष्ठ अधिकृत मिनाकुमारी शर्माले गर्नु भएको थियो ।

तालिमको समापन गर्दै बैंकको सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जि.सी.ले सहकारी संस्थाका साथै व्यक्तिको जीवनमा समेत साइबर सुरक्षाको महत्वपूर्ण भूमिकाहुने भएकाले यसकाबारेमा सबैले जानकारी राख्नु पर्नेमा जोड दिदैं साईबर सुरक्षाको विषय पछिल्लो समय चुनौतिको विषय बनेकाले सहकारी संघ संस्थामा झन विशेष सावधानि अपनाउनु पर्ने बताउनु भयो ।

## धनुषामा सहकारी संस्थामा सुशासन विषयक तालिम सम्पन्न ।

जेठ-६, धनुषा

राष्ट्रिय सहकारी बैंक लिमिटेड जनकपुर शाखाको आयोजनामा जेठ ६ गते सहकारी संस्थामा सुशासन विषयक तालिम सम्पन्न भएको छ ।

भर्चुअल माध्यमबाट आयोजना भएको तालिममा बैंकको जनकपुर शाखा कार्यालय अन्तर्गत कारोबार गर्ने धनुषा तथा महोत्तरी जिल्लाका सहकारी संघ/संस्थाका पदाधिकारी, संचालक, व्यवस्थापक तथा कर्मचारीहरु लगायत ८० जना भन्दा बढीको सहभागिता रहेको थियो । बैंकका अध्यक्ष के.बी उप्रेतीको प्रमुख आतिथ्यता तथा बैकका संचालक एवं प्रदेश नम्बरं-२, का संयोजक बिश्वनाथ मण्डल संचालक ध्रुव नारायण यादब, राष्ट्रिय सहकारी महासंघका संचालकहरु लक्ष्मण यादब र रामबाबु यादब बैंकका तालिम अधिकृतहरु लगायतको आतिथ्यता रहेको थियो ।

बैंकको बरिष्ठ अधिकृत मिना कुमारी शर्माले संचालन गर्नु भएको तालिमको सहकारीमा सुशानका विषयमा बैंकका संचालक एंव शिक्षा तालिम तथा सम्मान उप-समितिका संयोजक सरिता तिमल्सिना (भट्टराई)ले सहजीकरण गर्नु भएको थियो भने स्वागत मन्तव्य जनकपुर शाखाका प्रमुख बिष्णु प्रसाद पराजुलिले गर्नु भएको थियो ।

## सिन्धुलीमा कर्जा तथा जोखिम व्यवस्थापन तालिम

जेठ-९,सिन्धुली

राष्ट्रिय सहकारी बैंक लिमिटेड सिन्धुली शाखाको आयोजनामा कर्जा जोखिम तथा व्यवस्थापन विषयक एक दिने तालिम जेठ ९ गते सम्पन्न भएको छ ।

सिन्धुली शाखा कार्यालय अन्तर्गत त्यस क्षेत्रका व्यवस्थापक, कर्जा अधिकृत तथा संचालक सदस्यहरुलाई लक्षित गरी भर्चुअल माध्यमबाट तालिम सञ्चालन गरिएको थियो ।

तालिमको शुभारम्भ गर्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारी संस्थालाई कुशल व्यवस्थापन तथा दिगो बिकासका लागि सहकारी संस्थालाई सबल र सक्षम बनाउन जोखिम रहित कर्जा लगानी तथा व्यवस्थापनमा महत्वपुर्ण रहने बताउनु भयो ।

बैंकका अध्यक्ष के.बी.उप्रेतीको प्रमुख आतिथ्यतामा भएको तालिममा बैंकका संचालक एंव बागमती प्रदेशका संयोजक ज्ञान बहादुर तामाङको आतिथ्यता रहेको थियो । तालिम विभागका तालिम अधिकृत सुर्य प्रसाद रिमालले सहकारी संस्थामा

कर्जा लगानी प्रक्रिया, असुली, सुपरिवेक्षण तथा सो बाट हुने सबल तथा जोखिमका पक्ष लगायतका विषयमा सहजीकरण गर्नु भएको कार्यक्रमको सञ्चालन तालिम विभागका बरिष्ठ अधिकृत मिना कुमारी शर्माले गर्नु भएको थियो ।

सहकारी संस्थाहरुमा कर्जा लगानीको पक्षलाई जोखिम रहित बनाउने उद्देश्यका साथ आयोजना गरिएको तालिममा सिन्धुली जिल्लामा रहेका सहकारी संघ सस्थाका पदाधिकारी, संचालक, जिल्ला सहकारी संघका महासचिव नवराज कोइराला, व्यवस्थापक तथा कर्मचारी लगायत करिब ३५ जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । तालिममा सहभागिहरुले कार्यक्रम उपयोगि भएको बताउदै सहकारी बैंकले आगामी दिनहरुमा पनि यस्तै प्रकारका तालिम संचालन गर्न सुझाब समेत दिएका थिए ।



**एक अर्ब भन्दा बढी नाफा सहित** ....पछिल्लो वर्षहरुमा बैंकको शाखा बिस्तार, व्यवसाय तथा वित्तीय आकारमा उल्लेख्य वृद्धि देखीएको छ । पछिल्लो तिन वर्षको वित्तीय विवरण अनुसार बैंकको वासलातमा २ सय २७ प्रतिशत, शेयर पूँजीमा १ सय ७६ प्रतिशत, कर्जा लगानीमा १ सय ९० प्रतिशत, निक्षेप संकलनमा २ सय ३२ प्रतिशत र नाफामा २ सय १० प्रतिशतको वृद्धिदर देखिएको छ । सहकारी क्षेत्रमा सबैभन्दा ठुलो वित्तीय परिचालन गर्ने बैंकको वित्तिय अवस्था "क" वर्गका केहि वाणिज्य बैंकहरु भन्दा समेत ठुलो र सुदृढ देखीएको छ ।
बैंकमा हाल देशका ७७ जिल्लाका सबै प्रकृतिका सहकारी संघ/संस्थाहरु गरी करिब १४ हजार सदस्यहरु रहेका छन । बैंकले ७ वटै प्रदेशमा ६८ वटा शाखा कार्यालय मार्फत आफ्ना सदस्यहरुलाई सेवा दिई रहेको छ । सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवम् बैंकिंग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक भएकाले पनि आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुलाई दिने सेवामा सधै अब्बल रहने भन्दै सदस्यलाई दिने सेवामा कुनै कमी हुन नदिएकोले सोको सकारात्मक प्रभाव बैंकको व्यवसायमा परेको अध्यक्ष के.बी उप्रेतीले बताउनु भएको छ । बैंकको वर्तमान सञ्चालक समितिको कार्यकाल भित्र नै १ खर्बको वित्तीय अवस्था कायम गर्ने लक्ष्य निर्धारण गरिएको र सहकरी क्षेत्रमा प्रविधिमैत्री सेवा उपलब्ध गराउने गरी बैंक अघि बढेको समेत उप्रेतीले जानकारी दिनुभयो ।

बैंकले पछिल्लो तिन वर्ष लगातार १५ प्रतिशतले लाभाशं वितरण गर्दै शेयर सदस्यहरुको लगानीमा आकर्षक प्रतिफल प्रदान गरेको छ । बैंकमा कारोबार गर्ने सदस्य सहकारी संघ/संस्थाहरुलाई सहकारी ऐनको व्यवस्था अनुसार बचत र कर्जा कारोबार गर्ने १२ हजार ४६ सदस्य सहकारी संघ/संस्थाहरुलाई संरक्षित पूँजी फिर्ता कोषबाट रकम समेत वितरण गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले जानकारी दिनु भयो ।

**सहकारी बैंकको १ अर्ब सहित सहकारी क्षेत्रको तरलता** ......बैंक र नेफ्स्कुनले आफ्ना सदस्यहरुलाई उक्त कोषबाट ऋण लगानी गर्दा समान ब्याजदर कायम गरी लगानी गर्ने, एउटा संस्थालाई १ करोड रुपैयाँ वा संस्थाको कुल बचत निक्षेपको १० प्रतिशत मध्ये जुन कम हुन्छ सोही मात्रामा ऋण लगानी गर्ने सहमति भएको छ । यस्तै सदस्य संस्थाहरुलाई लगानी गर्न स्वीकृत गरिने ऋण एक जना शेयर सदस्यलाई बढीमा १ लाख रुपैयाँ सम्म परिचालन गर्नुपर्ने, एक जना व्यक्तिले बैंक र नेफ्स्कुन दुबैबाट कोरोना महामारी तरलता व्यवस्थापन कोष २०७८ अन्तर्गतको ऋण लिन नपाउने, लगानी हुने ऋणको अवधि ६ महिनाको हुने, बैंक र संघले यो कोषको परिचालन सम्बन्धी एक अर्कालाई दैनिक रुपमाजानकारी गराउनु पर्ने लगायतका विषयमा सहमति भएको हो । कोष परिचालनका लागि बैंक र नेफ्स्कुनले आन्तरिक कार्यविधि बनाई लगानी गर्ने सहमति गरेका हुन् ।

विश्वब्यापी रूपमा फैलिएको कोभिड १९ महामारीको कारणले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुमा देखिन सक्ने संभावित तरलता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्न बैंकको संयोजनमा जेष्ठ १० सम्पन्न भर्चुअल बैठकले कोष स्थापना गर्ने निर्णय गरेको हो । बैंक र नेफ्स्कूनको संचालक समितिले पारित गरेपछि तरलता व्यवस्थापन कोष कार्यान्वयन हुने बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभयो ।

बैंक तथा नेफ्स्कूनका आफ्ना सदस्य सहकारी संघ संस्थाहरुको निरन्तर तथा दीगो सञ्चालनको उद्देश्य सहित दुबै निकायहरुको पदाधिकारीहरु सहित गठन भएको संयुक्त कार्यदलका संयोजक नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालको संयोजकत्वमा बसेको बैठकले कोष स्थापना गर्ने निर्णय गरेको हो ।  कोष प्रयोग गरी नेपाल सरकारले बन्दाबन्दी वा निषेधाज्ञा वा आपतकालिन अवस्था समाप्त भएको घोषणा गरेको ३ महिना सम्म सदस्य सहकारी संस्थाहरुलाई कर्जा प्रदान गर्न व्यवस्था गरेको छ ।

बैठकमा बैंकका अध्यक्ष के.बी. उप्रेती, नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, उपाध्यक्ष शान्ति अधिकारी, संयुक्त कार्यदलका सदस्यहरु बैंकका संचालकहरु सरिता तिमल्सिना भट्टराई, ज्ञानबहादुर तामाङ, रामहरि बजगाई, र निमित्त सदस्य सचिव बैंकका नायब महाप्रबन्धक किशोर प्रसाद बिमली, कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरे, तथा नेफ्स्कूनको तर्फबाट महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरु र कायम मुकायम प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल सहभागी रहनु भएको थियो । महामारीको कारण सहकारी सदस्य संघ संस्थाहरुमा सम्भावित वित्तीय सङ्कट सम्बोधन गरी सहकारी अभियानको स्थायित्व तथा व्यवसाय निरन्तरता सुनिश्चित गर्न र संरक्षकत्व ग्रहण गर्न आवश्यक भएकोले महामारीको प्रत्यक्ष वित्तीय प्रभाव रहेको अवस्था सम्मका लागि राष्ट्रिय सहकारी बैक लिमिटेड र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड बीच तरलता व्यवस्थापन गर्न मद्दत पुर्याउने उद्धेश्यले समझदारी भएको बैंकका अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो । तरलता व्यवस्थापन कोषमा तोकिएको रकम कम भएमा थप गर्नका लागि कार्यदलले योजना बनाएर अगाडि बढ्ने सहमति भएको छ ।


National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
•वार्षिक शुल्क नलाग्ने
•सहज प्रक्रिया
•Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
NEDAC
coop
टोल फ्री नं १६६००१०२९९९